नेपाल सरकार, उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड

## (Ghorahi Cement Industry Limited)

रजिष्टर्ड कार्यालय : त्रिवेणि कम्प्लेक्स पुतलीसडक वडा नं. २८, काठमाण्डौ, नेपाल
कर्पोरेट कार्यालय : ट्रेड टावर, थापाथली, काठमाण्डौ, नेपाल
(उद्योग रहेको स्थान : घोराही उपमहानगरपालिका, वडा नं. ४, दाङ्ग, नेपाल)
फोन नं.०१-५१११९४७/४५
इमेल : **enquiry@ghorahicement.com**, वेभसाइटः **www.ghorahicement.com.np**

**को**

## विवरण-पत्र

**(धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

कम्पनीले आफ्नो जारी पूँजी रु.३,९७,१९,००,६००/-(अक्षरेपी तिन अर्व सन्तानब्बे करोड उन्नाइस लाख छ सय रुपैंया मात्र) को २०% अर्थात रु.७९,४३,८०,१००/- (अक्षरेपी उनासी करोड त्रिचालिस लाख असी हजार एक सय रुपैया मात्र) बराबरका ७९,४३,८०१ कित्ता मध्ये सार्वजनिक निष्काशनको ५% तथा जारी पुँजीको १% ले हुन आउने जम्मा रकम रु.३,९७,१९,०००/- (अक्षरेपी तिन करोड सन्तानब्बे लाख उन्नाईस हजार रुपैया मात्र) बराबरको अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.३००/- थप गरी प्रति शेयर रु.४००/- को दरले ३,९७,१९० कित्ता उद्योग प्रभावित क्षेत्र दाङ्ग जिल्लाको घोराही उपमहानगरपालिका वडा.नं.१, २, ३, ४, १४, १५, १७, १८, १९ दाङ्ग जिल्ला, बंगलाचुली गा.पा. वडा नं. ३, ४ र रोल्पा जिल्ला त्रिवेणी गा.पा. वडा नं. ३, ४ का बासिन्दाहरुको निमित्त छुट्टाइएको र सो स्थानीय बासिन्दाहरुको लागि छुट्याईएको शेयरमा पूर्ण रुपमा आवेदन पर्न नआएमा बाँकी रहेको शेयर समेत सर्वसाधारणमा जारी गरिने शेयरमा थप गरी सोही अनुपातमा सार्वजनिक निष्काशनको १०% तथा जारी पुँजीको १.९०% ले हुन आउने जम्मा रकम रु. ७,५४,६६,१०० (अक्षरेपी सात करोड चवन्न लाख छैसठ्ठी हजार एक सय रुपैया मात्र) बराबरको अंकित मूल्य रु.१००/- मा प्रिमियम बापत रु.३३५/- थप गरि प्रतिशेयर रु.४३५/- को दरले ७,५४,६६१ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, सार्वजनिक निष्काशनको ९०% तथा जारी पूँजीको १७.१०% ले हुन आउने रकम रु.६७,९१,९५,०००/- (अक्षरेपी सड्सठ्ठी करोड एकान्नब्बे लाख पन्चान्नब्बे हजार मात्र) बराबरको अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु ३३५/- थप गरी प्रतिशेयर रु ४३५/- को दरले ६७,९१,९५० कित्ता साधरण शेयर (सामूहिक लगानी कोषका लागि छुट्टाइएको ५% ले हुन आउने जम्मा ३,७७,३३१ कित्ता तथा संगठित संस्थाका कर्मचारीहरुका लागि छुट्टाइएको ५% ले हुन आउने जम्मा ३,७७,३३१ कित्ता शेयर सहित) सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको छ। प्रचलित कानून बमोजिम तयार गरिएको प्रारम्भिक वातावरणिय परीक्षण (IEE) तथा कम्पनीको पछिल्लो निर्णय बमोजिम आयोजना प्रभावित क्षेत्र निर्धारण गरिएको हो।

दरखास्तसाथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- मा उद्योग प्रभावित क्षेत्र बासिन्दाहरुले प्रिमियम वापत रु.३००/- थप गरी प्रतिशेयर रु.४००/- को दरले र अन्य सर्वसाधारणहरुले प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.३३५/- थप गरी प्रतिशेयर रु.४३५/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको।(प्रिमियमा धितोपत्र जारी गर्न प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य पृष्ठ संख्या ५१ को दफा ग.१०.घ मा खुलाईएको)

**नेटवर्थ सम्बन्धि तालिका**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब.२०७६/७७ | आ.ब.२०७७/७८ | आ.ब.२०७८/७९ | आ.ब.२०७९/८० पुस मसान्त | आ.ब.२०७९/८० | आ.ब.२०८०/८१ | आ.ब.२०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | २१७.१२ | २१८.७७ | २२६.६१ | २२७.१० | २७९.५९ | २९५.९२ | ३२०.५० |
| प्रति शेयर आम्दानी (रु.) | १.८४ | १२.०० | ६.८१ | ०.५० | ११.६५ | १६.३३ | २४.५८ |
| जगेडा कोष तथा संचित नाफा (रु हजारमा.) | ३५,४४,१५९/- | ३७,७४,०८७/- | ४०,२२,९२०/- | ४०,३८,७४३ | ७१,३३,०६१/- | ७७,८१,७९५/- | ८७,५८,१७७/- |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषणः**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग.८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा संबन्धित अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "CARE-NP BBB- (Is) (Tripple B Minus Issuer Rating)" रेटिङ्ग प्राप्त गरेकोछ। "CARE-NP BBB- (Is) (Tripple B Minus Issuer Rating)" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने सुरक्षा क्षमताको मध्यम आधार "Moderate Degree of Safety Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "CARE-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ। ईस्युर रेटिङ्ग प्रदान गरेको मिति जुलाई २२, २०२२ रही मिति जुलाई १३, २०२३ सम्मको रहेको छ।

**यस विवरण पत्र मार्फत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु र कर्मचारीहरुका लागि बिक्री वितरण गरिने साधारण शेयरहरु सार्वजनिक निष्काशन भएको शेयरको बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन।**

| नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मितिः २०८०/०१/०६ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति : २०८०/०१/०७ |
|---|---|
| आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि साधारण शेयर विक्री खुल्ला अवधि : | वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयर विक्री खुल्ला अवधि |
| निष्काशन खुल्ला हुने मितिः२०८०/०१/१९ | निष्काशन खुल्ला हुने मितिः२०८०/०१/१९ |
| निष्काशन बन्द हुने मिति (छिटोमा):२०८०/०२/०२ (बैंकिङ्ग समय पश्चात्) सम्म | निष्काशन बन्द हुने मिति (छिटोमा):२०८०/०२/०२ (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलामा):२०८०/०२/१७ (बैंकिङ्ग समय पश्चात्) सम्म | |

**धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक :**

हिमालयन क्यापिटल लिमिटेड
पो.व.नं. ४५१८, त्रिदेबीमार्ग, ठमेल, काठमाण्डौ,
फोन नं. ०१-५५५८३४५/५३६३१४७
Email : info@himalayancapital.com
URL: www.himalayancapital.com

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
रजिष्टर्ड कार्यालयः का.म.न.पा - १, नक्साल, काठमाण्डौ।
फोन नं. ०१४४११६०४,०१४४११७३३
Email : info@nabilinvest.com.np
URL: www.nabilinvest.com.np

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ र नविल इन्भेष्टमेन्ट बैंकिङ्गलिमिटेड, नक्साल, काठमाण्डौ लाई सम्झनु पर्दछ।

ग) **"कम्पनी वा संगठित संस्था"** भन्नाले निष्कासनकर्ता कम्पनी घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संस्थापक संगठित संस्था"** भन्नाले घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडमा संस्थापक शेयरहरु धारण गर्ने कम्पनीहरु सम्झनु पर्दछ।

ङ) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर सम्झनु पर्दछ।

च) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

छ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्नका लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ।

ज) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग तथा अन्य नियमन निकायहरुलाई सम्झनु पर्दछ।

झ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख, ब्यबस्थापन तथा कर्मचारीहरु"** भन्नाले घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख, ब्यबस्थापन लगाएतका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

ञ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

ट) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ।

ठ) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अन्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौंलाई सम्झनु पर्दछ।

ड) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्दछ।

ढ) **"प्रतिशेयर आम्दानी"** भन्नाले कम्पनीको वार्षिक आम्दानीलाई जारी पूँजीले भाग गर्दा हुन आउने आम्दानीलाई जनाउँदछ।

ण) **"प्रतिशेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पुँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगाएतका संचितकोष को कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफल सम्झनु पर्दछ।

त) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ।

थ) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ।

## ख.२. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

**क) विवरणपत्र प्राप्त गर्ने स्थानहरु :**

| सि.नं. | कम्पनीको नाम र ठेगाना | वेभसाइट |
|---|---|---|
| १. | हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ। | www.himalayancapital.com |
| २. | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल , काठमाण्डौ। | www.nabilinvest.com.np |
| ३. | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड, थापाथली, त्रिपुरेश्वर, काठमाण्डौ। | www.ghorahicement.com.np |

साथै नेपाल धितोपत्र बोर्डको वेभसाइटः www.sebon.gov.np बाट समेत यस निष्काशनको स्वीकृत विवरणपत्र हेर्न सकिने छ।

**सर्वसाधरणहरुको लागि दरखास्त फाराम प्राप्त गर्ने र शुल्क बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयहरु मार्फत तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले तयार गरेको सफ्टवेयर "मेरो शेयर" अनलाईन प्रयोग गरि आवेदन दिन सकिने छ।

**उद्योग प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई सि-आस्वा (C–ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयहरु। साथै निम्न बमोजिमका संकलन केन्द्रहरु :

| सि.नं. | कम्पनीको नाम र ठेगाना |
|---|---|
| १. | हिमालयन बैंक लिमिटेड, घोराही, दाङ। |
| २. | नबिल बैंक लिमिटेड, घोराही, दाङ। |
| ३. | सिटिजन्स बैंक ईन्टरनेसनल लिमिटेड, बंगलाचुली, घोराही, दाङ। |

| सि.नं. | कम्पनीको नाम र ठेगाना |
|---|---|
| ४. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, रोल्पा। |
| ५. | नेपाल एसविआई बैंक लिमिटेड, घोराही, दाङ। |
| ६. | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड, घोराही, दाङ। |
| ७. | प्रभु बैंक लिमिटेड, घोराही, दाङ। |
| ८. | कुमारी बैंक लिमिटेड, घोराही/हस्पिटल रोड, दाङ। |
| ९. | एनएमबि बैंक लिमिटेड, घोराही, दाङ। |
| १०. | सानिमा बैंक लिमिटेड, घोराही, दाङ। |
| ११. | ज्योति बिकास बैंक लिमिटेड, घोराही, दाङ। |

आवश्यकता अनुसार उद्योग प्रभावित क्षेत्रका लागी नेपाल धितोपत्र बोर्डबाट स्वीकृती लिई अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। साथै उद्योग प्रभावित क्षेत्रका स्थानिय वासिन्दाहरुले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैया मात्र) शुल्क बुझाउनु पर्नेछ।

नोटः नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयहरु मार्फत र संकलन केन्द्रबाट आवेदन बुझाउँदा पालना गर्नुपर्ने शर्तहरु दफा ग-१०-छ मा उल्लेख गरिएको छ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं । धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना, विवरण वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, विवरण वा जानकारीको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ।

**ग.२.ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानुन अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदी) तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७८/०७९ सम्मको विवरणहरु पेश गरि उक्त कार्यालयको मिति २०७९/११/१४ गतेको निर्णय अनुसार यस कम्पनी आ.व.२०७८/०७९ सम्मको लागि अध्यावधिक गरिएको छ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड (Ghorahi Cement Industry Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, त्रिवेणि कम्प्लेक्स, आठौं तल्ला, पुतलीसडक, काठमाण्डौ तथा प्रधान कार्यालय ट्रेड टावर, छैठौं तल्ला, थापाथली, काठमाण्डौमा रहेको छ । आवश्यकता अनुसार स्वीकृती लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.२८, त्रिवेणि कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौ तथा प्रधान कार्यालय, ट्रेड टावर, थापाथली, काठमाण्डौ रहेको छ र यस कम्पनीको उद्योग स्थल दाङ जिल्ला, घोराही उप महानगरपालिका वडा नं.०४, घोराही रहेको छ । साथै अन्य शाखा कार्यालयहरु वडा नं.३, कृष्णनगर कपिलवस्तु, वडा नं.१३, आदर्शनगर बिरगंन्ज, वडा नं.९ सुनवल, नवलपरासी र वडा नं.५ बैजनाथ, बाँके रहेको । सम्बन्धित निकायमा आवश्यकता अनुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) श्री घोराही सिमेन्ट इण्डष्ट्री प्रा.लि.मिति २०६४/०४/२१ गते प्रा.लि.को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएकोमा मिति २०७७/११/२३ गते कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र अनुसार प्रा.लि. बाट पब्लिक लिमिटेडमा परिणत भई घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड (२५८२७९/०७७/०७८) मा अभिलेख भई कारोबार संचालन गर्दै आएको छ ।

(२) किलिङ्कर उत्पादन गर्ने उद्देश्य उल्लेख भई ठूला उद्योगको रुपमा यस घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड (साविक घोराही सिमेन्ट इण्डष्ट्री प्रा.लि.) मिति २०६५/०५/०५ गते उद्योग दर्ता नं.४५१/२५ अनुसार उद्योग विभागमा दर्ता भएको छ । साथै उद्योग विभागको मिति २०६८/०५/२९ को पत्र अनुसार यस घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले उत्पादन विबिधिकरण अन्तर्गत सिमेन्ट उत्पादन उद्देश्य थप गरेको छ। घोराही सिमेन्ट इन्डष्ट्रीको स्थाई लेखा नं. ३०२६९७८६३ रहेको छ ।

(३) संगठित संस्थाले श्री विश्वकर्मा माईन्स एण्ड मिनरल्स प्रा.लि संग मिति २०६९/०१/५ गते श्री विश्वकर्मा माईन्स एण्ड मिनरल्स प्रा.लिको स्वामित्वमा रहेको खानीबाट उत्पादित चुनढुङ्गा लगाएतका कच्चा पदार्थ अरु कसैलाई बिक्री वितरण गर्न नपाउने गरि श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडलाई मात्र विक्रि वितरण गर्ने गरि सम्झौता गरेको छ। श्री विश्वकर्मा माईन्स एण्ड मिनरल्स प्रा.लिले दाङ्ग जिल्लाको वंगलाचुली गा.पा.(साविक काभ्रे गा.वि.स. ५ र ६) मा ५.५ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्व विभागबाट मिति २०६७/०९/१८ देखि २०९७/०९/१७ सम्म अनुमति वहाल रहने गरी मिति २०६७/०९/१८ मा चुनढुङ्गा उत्खनन् कार्यको लागि अनुमति पत्र नं.७२/०६७/६८ प्राप्त गरि उक्त चुनढुङ्गा खानी संचालन गरि रहेको छ ।

(४) संगठित संस्थाले श्री रोल्पा चुनढुङ्गा खानी प्रा.लि. संग मिति २०७७/१२/१८ गते श्री रोल्पा चुनढुङ्गा खानी प्रा.लि.को स्वामित्वमा रहेको खानीबाट उत्पादित चुनढुङ्गा लगाएतका कच्चा पदार्थ अरु कसैलाई विक्रि वितरण गर्न नपाउने गरि श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडलाई मात्र विक्री वितरण गर्ने गरि सम्झौता गरेको छ । श्री रोल्पा चुनढुङ्गा खानी प्रा.लि.ले रोल्पा जिल्लाको त्रिवेणि गा.पा.(साविक वुडागाँउ) मा १.९५५ वर्ग कि.मि.क्षेत्र खानी तथा भुगर्भ विभागबाट मिति २०७७/१२/१६ देखि २१०७/१२/१५ सम्म अनुमति वहाल रहने गरी मिति २०७७/१२/१६ मा चुनढुङ्गा उत्खनन कार्यको लागि अनुमति पत्र नं. १०९/०७७/७८ प्राप्त गरि उक्त चुनढुङ्गा खानी संचालन गरि रहेको छ ।

(५) श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले आवश्यक पर्ने चुनढुङ्गा सुनिश्चितताका लागि श्री मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि.मा सत्प्रतिशत लगानी गरेको छ । श्री मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि. घोराही, साविक गा.पा. सैधा मा ३.९९२८ वर्ग कि.मि क्षेत्र खानी तथा भुगर्भ विभागबाट मिति २०७१/०९/२५ देखि २१०१/०९/२४ सम्म अनुमति वहाल रहने गरी मिति २०७१/०९/२५ मा चुनढुङ्गा उत्खनन् कार्यको लागि अनुमति पत्र नं. १५०/०७१/७२ प्राप्त गरेको छ ।

(६) संगठित संस्थाले उद्योग विभागबाट मिति २०७३/०३/०९ र २०७५/०२/१७ मा मुल उद्योग र इकाई उद्योगको वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धी स्वीकृती प्राप्त गरेको छ ।

(७) संगठित संस्थाले उद्योग विभागबाट मिति २०७८/०५/१६ (प.सं.अ.द. २०७८/७९, च.नं. २०६) मा इकाई उद्योग सम्बन्धी अनुमति प्राप्त गरे पश्चात मुल उद्योग र इकाई उद्योगको क्लिङ्कर र सिमेन्टको वार्षिक उत्पादन क्षमता निम्न बमोजिम रहेको छ ;

| सि.नं. | उद्योग | क्लिङ्कर | OPC | PPC | PSC |
|---|---|---|---|---|---|
| १. | मुल उद्योग | ३,५३,५०० मे.ट. | २,४०,००० मे.ट. | ३,३०,००० मे.ट. | ५०,००० मे.ट. |
| २. | इकाइ उद्योग | ५,८५,९०० मे.ट. | २,१०,००० मे.ट. | १,२०,००० मे.ट. | ९०,००० मे.ट. |

संशोधित उत्पादन क्षमता अनुसार संगठित संस्थाले श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/०६/१८ गते कारोबार स्वीकृती, संचालक लगत र शेयर लगत अभिलेख गराएको छ।

(८) संगठित संस्थाले आफ्नो उत्पादन तथा ढुवानी लागत कम गर्न र उपभोग्ताको माग अनुसार मुल उद्योग र इकाई उद्योग बाट उत्पादित अर्धतयारी सिमेन्टलाई प्याकेजिङ्ग गरि सही समयमा आपुर्ति गर्ने हेतुले बाँके जिल्लाको बैजनाथ गाँउपालिका वडा नं. ५ मा उद्योग स्थापनाको लागि उद्योग विभागबाट मिति २०७८/०५/१० मा घोराही सिमेन्ट इन्डष्ट्री लिमिटेड, सिमेन्ट प्याकेजिङ्ग नामक उद्योग स्वीकृती प्राप्त गरेको छ। यो उद्योगको निमाणकार्य सम्पन्न भई मिति २०७८/०८/२८ देखि व्यवसायीक रुपमा सिमेन्ट बोराको प्याकिङ्ग र विक्रीको कार्य सुचारु गरिसकेको छ। साथै संगठित संस्थाले नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ९ मा उद्योग स्थापनाको लागि उद्योग विभागबाट मिति २०७८/०७/२३ मा घोराही सिमेन्ट इन्डष्ट्री लिमिटेड, सिमेन्ट प्याकेजिङ्ग - १ को नामक उद्योग स्वीकृती प्राप्त गरेको छ। यो उद्योगको निर्माणकार्य सम्पन्न भई व्यवसायीक उत्पादन सुचारु गर्न सम्बन्धित निकायको स्वीकृतीलिई संचालनमा ल्याईने छ।

(९) आ. व. २०७८/०७९ को संगठित संस्थाको NPV, IRR, Payback Period, Discounted Payback Period गणना निम्न बमोजिम गरिएको छ।

**लगानी फिर्ता हुने अवधिको गणना (Payback Period Calculation)**

**रु. दस लाखमा**

| आ.व | Inflows | Outflows | Accumulated | Payback Period |
|---|---|---|---|---|
| ० | - | (३,१७८) | (३,१७८) | ४.८७ |
| १ | १४ | (३,४४२) | (६६०५) | |
| २ | ६९१ | - | (५९१४) | |
| ३ | १,३७७ | - | (४५३७) | |
| ४ | २,७४७ | - | (१७९०) | |
| ५ | २,०५६ | - | २६६ | |
| ६ | ५४७ | - | ८१२ | |
| ७ | १,०८६ | - | १,८९८ | |
| ८ | १,८७९ | - | ३,७७७ | |
| **साधारण लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period)** | | | | **४ बर्ष ८ महिना** |

**<u>डिष्काउण्टमा लगानी फिर्ता हुने अवधिको गणना (Discounted Payback Period Calculation)</u>**

**रु. दस लाखमा**

| आ.व | Inflows | Outflows | CashFlows | DF at 12.98 % | Discounted CF | Accumulated |
|---|---|---|---|---|---|---|
| ० | - | (३,१७८) | (३,१७८) | १ | (३,१७८) | (३,१७८) |
| १ | १४ | (३,४४२) | (३,४२८) | ०.८८५१ | (३,०३४) | (६,२११) |
| २ | ६९१ | - | ६९१ | ०.७८३४ | ५४१ | (५,६७०) |
| ३ | १,३७७ | - | १,३७७ | ०.६९३४ | ९५५ | (४,७१५) |
| ४ | २,७४७ | - | २,७४७ | ०.६१३८ | १,६८६ | (३,०२९) |
| ५ | २,०५६ | - | २,०५६ | ०.५४३२ | १,११७ | (१,९१२) |
| ६ | ५४७ | - | ५४७ | ०.४८०८ | २६३ | (१,६४९) |
| ७ | १,०८६ | - | १,०८६ | ०.४२५६ | ४६२ | (१,१८७) |
| ८ | १,८७९ | - | १,८७९ | ०.३७६७ | ७०८ | (४८०) |
| ९ | २,७३१ | | २,७३१ | ०.३३३४ | ९१० | ४३१ |
| १० | २,७३१ | | २,७३१ | ०.२९५१ | ८०६ | १,२३७ |
| **डिष्काउन्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period** | | | **८ बर्ष ५ महिना** | | | |

**कुल वर्तमान मुल्य (Net Present Value)**

**रु. दस लाखमा**

| आ.व | Inflows | Outflows | DF १२.९८ प्रतिशत | PV Inflows | PV Out Flows | Net Present Value |
|---|---|---|---|---|---|---|
| ० | - | ३,१७८ | - | - | | |
| १ | १४ | ३,४४२ | ०.८८५१ | १२ | | |
| २ | ६९१ | - | ०.७८३४ | ५४१ | | |
| ३ | १,३७७ | - | ०.६९३४ | ९५५ | | |
| ४ | २,७४७ | - | ०.६१३८ | १,६८६ | | |
| ५ | २,०५६ | - | ०.५४३२ | १,११७ | ६,२२४ | ९,५६३ |
| ६ | ५४७ | - | ०.४८०८ | २६३ | | |
| ७ | १,०८६ | - | ०.४२५६ | ४६२ | | |
| ८ | १,८७९ | - | ०.३७६७ | ७०८ | | |
| Terminal Value | २६,६६० | - | ०.३७६७ | १०,०४३ | | |
| जम्मा | ३७,०५७ | ६,६१९ | | १५,७८७ | | |

**संस्थाको परियोजनाको कुल वर्तमान मुल्य (Net Present Value) रकम रु. ९,५६,३३,१८,४६९.७९ रहेको छ।**

**Internal Rate of Return (IRR)**

**रु.दस लाखमा**

| आ.व | Inflows | Outflows | DF ३१.९८ प्रतिशत | PV Inflows | PV Out Flows |
|---|---|---|---|---|---|
| ० | - | ३,१७८ | १ | - | |
| १ | १४ | ३,४४२ | ०.७,५७७ | ११ | |
| २ | ६९१ | - | ०.५७४१ | ३९७ | |
| ३ | १,३७७ | - | ०.४३५० | ५९९ | |
| ४ | २,७४७ | - | ०.३२९६ | ९०६ | |
| ५ | २,०५६ | - | ०.२४९८ | ५१३ | ५,७८५ |
| ६ | ५४७ | - | ०.१८९२ | १०३ | |
| ७ | १,०८६ | - | ०.१४३४ | १५६ | |
| ८ | १,८७९ | - | ०.१०८६ | २०४ | |
| Terminal Value | २६,६६० | - | ०.१०८६ | २,८९७ | |
| **जम्मा** | **३७,०५७** | **६,६१९** | | **५,७८५** | |

**संस्थाको Interal Rate of Return (IRR) ३१.९८ रहेको छ।**

(९) संगठित संस्थाले आफ्नो उद्देश्य अनुरुपको काम कार्यवाही अगाडी वढाउने सन्दर्भमा हाल सम्म भए/गरेको सम्झौताहरुको सम्झौता मिति, सम्झौता गर्ने निकाय/संस्था, संम्झौताको संक्षिप्त विषय वस्तु तथा सम्झौता बहाल रहने अवधीको तथा नियमनकारी निकायहरुबाट हाल सम्म प्राप्त गरेको स्वीकृती, अनुमति तथा इजाजतको वहाल रहने अवधि निम्नानुसार रहेको छ :

| सि.नं. | कम्पनी/नियमनकारी निकायको नाम | दर्ता/सम्झौता मिति | बहाल रहने मिति | कैफियत |
|---|---|---|---|---|
| १. | कम्पनी रजिष्ट्रारको कार्यालय | २०६४/०४/२१ | - | कम्पनी ऐन अर्न्तगत प्रा.लि मा दर्ता |
| २. | कम्पनी रजिष्ट्रारको कार्यालय | २०७७/११/२३ | - | कम्पनी ऐन अर्न्तगत पव्लिक लि. मा दर्ता |
| ३. | उद्योग विभाग | २०६५/०५/०५ | - | सिमेन्ट/क्लिङ्कर उत्पादन हेतु उद्योगमा दर्ता |
| ४. | उद्योग विभाग | २०६८/०५/२९ | - | उत्पादन विविधिकरण हेतु उद्योगमा दर्ता |
| ३. | श्री विश्वकर्मा माइन्स एण्ड मिनरल्स प्रा.लि. | २०६९/०१/०५ | - | खानीबाट उत्पादित चुन ढुङ्गा लगाएतका कच्चा पदार्थहरु अन्य कसैलाई विक्री वितरण गर्न नपाउने सम्बन्धी। |
| ४. | श्री रोल्पा चुन ढुङ्गा खानी प्रा.ली. | २०७७/१२/१८ | - | खानीबाट उत्पादित चुन ढुङ्गा लगाएतका कच्चा पदार्थहरु अन्य कसैलाई विक्री वितरण गर्न नपाउने सम्बन्धी। |
| ५. | उद्योग विभाग | २०७३/०३/०९ | - | मुल उद्योगको वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृती प्राप्त। |

| सि.नं. | कम्पनी/नियमनकारी निकायको नाम | दर्ता/सम्झौता मिति | बहाल रहने मिति | कैफियत |
|---|---|---|---|---|
| ६. | उद्योग विभाग | २०७५/०२/१७ | - | इकाई उद्योगको वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृती प्राप्त। |
| ७. | उद्योग विभाग | २०७८/०५/१६ | - | इकाई उद्योगको अनुमति प्राप्त। |
| ८. | उद्योग विभाग | २०७०/०९/०३ | - | पेटेन्ट, डिजाइन र ट्रेडमार्क। |
| ९. | उद्योग विभाग | २०७५/११/०६ | - | पेटेन्ट, डिजाइन र ट्रेडमार्कको सम्झौता लागि स्वीकृती। |
| १०. | नेपाल गुणस्तर तथा नाप तौल विभाग | २०७९/०३/२३ | - | OPC ५३ Grade गुणस्तर चिन्ह् सम्बन्धी इजाजुत प्राप्त। |
| ११. | नेपाल गुणस्तर तथा नाप तौल विभाग | २०७८/०४/०५ | - | सगरमाथा गोल्ड PPC र सगरमाथा OPC गुणस्तर चिन्ह् सम्बन्धी इजाजुत प्राप्त। |
| १२. | श्री यूनाइटेड डिष्ट्रिव्यूटर्स (नेपाल) प्रा.लि. | २०७३/०३/२२ | २०९५/०८/०५ | प्रधान कार्यालयको भवन सव लिज करार सम्झौता। |
| १३. | आन्तरिक राजस्व विभाग | २०६४/०४/२८ | - | आयकर र मु.अ. कर हेतु दर्ता। |
| १४. | आन्तरिक राजस्व विभाग | २०७०/०२/३० | - | अन्तः शुल्क (२०७४/०८/२२, विद्युतिय माध्यममा दाखिला) |
| १५. | उद्योग विभाग | २०७९/०५/२१ | - | पेटेन्ट, डिजाइन र ट्रेडमार्कको स्वीकृती। |
| १६. | ट्र्याकटर्स नेपाल प्रा. लि. | २०७६/१०/१८ | २०७९/१२/१५ | Plant Machinery Repair and Maintenance सम्बन्धी सम्झौता |
| १७. | नेपाल विद्युत प्राधिकरण | २०७६/०३/२५ | - | Grid कनेक्सन सम्बन्धी सम्झौता |
| १८. | NABL Certification | २०७७/१२/१२ | २०७९/१२/१० | Certificat of Accreditation |
| १९. | नेपाल विद्युत प्राधिकरण | २०७८/११/०६ | - | 30 MVA Grid कनेक्सन सम्बन्धी सम्झौता |
| २०. | उद्योग विभाग | २०७८/०५/१० | - | घोराही सिमेन्ट इन्डिष्ट्री लि.(सिमेन्ट प्याकेजिङ्ग), बाँके, बैजनाथ गा.पा. - ५। |
| २१. | उद्योग विभाग | २०७८/०७/२३ | - | घोराही सिमेन्ट इन्डिष्ट्री लि.(सिमेन्ट प्याकेजिङ्ग - १), नवलपरासी, सुनवल न.पा. - ९। |

संगठित संस्थाको प्रबन्धपत्रमा हाल सम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको संचालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति निम्न बमोजिम रहेको छ तथा संगठित संस्थाको नियमावलीमा हाल सम्म कुनै पनि संशोधन गरिएको छैन :

| संशोधित दफा | संशोधित विषय | संशोधन भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति | संशोधन स्वीकृत गर्ने साधारण सभा/विशेष साधारण सभा भएको मिति | संशोधित विषय नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|
| प्रवन्धपत्रको दफा ६ (क), (ख) र (घ) | कम्पनीको अधिकृत पुंजीमा भएको अग्राधिकार शेयर हटाएको, जारी पुँजी मा संशोधन र साधारण शेयरमा विभाजन गरिएको | संशोधन भएको सञ्चालक समितिको निर्णय नम्बर १, अनुसार मिति २०७९।०१।०८ र मिति २०७९।०२।०८ मा भएको | संशोधन भएको प्रवन्धपत्र स्वीकृत मिति २०७९।०२।२५ को विशेष साधारण सभा पारित गरियो। | कम्पनी रजिष्ट्रार कार्यालयले मिति २०७९।०३।३१ मा अभिलेख भएको छ। |
| प्रवन्धपत्रको दफा ४ | उद्देश्य थप गरिएको। उपदफा (क) देखि (ढ) सम्म रहेकोमा (ण)थपिएको। | संशोधन भएकोसञ्चालक समितिको निर्णय नम्बर १अनुसार मिति २०७९।०१।०८ र मिति २०७९।०२।०८ मा भएको | संशोधन भएको प्रवन्धपत्र स्वीकृत मिति २०७९।०२।२५को विशेष साधारण सभा पारित गरियो। | कम्पनी रजिष्ट्रार कार्यालयले मिति २०७९।०३।३१ मा अभिलेख भएको छ। |

**<u>कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :</u>**

क) सिमेन्ट कारखानाको स्थापना गरी विभिन्न प्रकार र ग्रेडका सिमेन्ट क्लिङ्कर उत्पादन गरी स्वदेशमा विक्री वितरण गर्नुको साथै विदेशबाट आयात तथा निर्यात गर्ने।

ख) आधुनिक मेशिन र प्रविधि जडित सिमेन्ट कारखानाको स्थापना गरी क्लिङ्कर तथा क्लिङ्कर बाट पोर्टलेण्ड सिमेन्ट तथा पोजोलाना पोर्टलेण्ड, स्लाग लगायतका विभिन्न किसिमका सिमेन्ट तथा निमार्ण सम्बन्धी अन्य उत्पादनहरु उत्पादन गर्ने।

ग) कम्पनीबाट उत्पादित वा आयातित सिमेन्ट विक्री वितरण गर्ने तथा कम्पनीको लागि आवश्यक पर्ने विभिन्न कच्चा पदार्थहरु खरिद गर्न स्वदेश तथा विदेशमा एजेन्ट, डिष्ट्रिव्युटर, डिलर तथा सव डिलर आदी नियुक्त गर्ने ।

घ) प्रचलित कानुनको अधिनमा रही खनिज पदार्थहरु चुनढुङ्गा, माटो, वालुवा, पत्थर, कोइला, तामा, जिङ्क, कोवाल्ट खनिज तेल फलामको धाउ, पाइराइँड जिप्सम आदि र अन्य धातु तथा अधातु खनिजका खानिहरु खोजि गर्ने, अन्वेषण गर्ने, संभार गर्ने, खानी संचालन गर्ने, खनिजहरुको उत्पादन गर्ने वेच्ने, किन्ने, वितरण गर्ने ।

ङ) यस कम्पनीले भारत वा तेस्रो मुलुकबाट पेट्रोल, डिजेल, मटितेल, फर्नेस, आयल, (Liquid Petrolium Gas (LPG), NG-Natural Gas, Pet Coke, Col) र कानुनले निषेधित नगरेको ग्यासहरु लगायतका इन्धनहरु आयात गरि यस कम्पनीको उद्योगमा प्रयोग गर्ने तथा भण्डारण गर्ने ।

च) सिमेन्ट आपूर्ति, सप्लाई सम्वन्धी ठेक्का पटामा भाग लिने र सम्झौता अनुसार कार्य गर्ने गराउने ।

छ) डिजल, जेनेरेटर, कोइला, ग्यास, टर्वाइन, स्टिम इत्यादीबाट विधुत उत्पादन गरि प्रयोग गर्ने ।

ज) कम्पनीले विभिन्न किसिमका खानीमा लगानी गर्ने ।

झ) विभिन्न उद्योगहरुलाई लिजमा लिई संचालन गर्ने ।

ञ) कम्पनीले उत्पादन गरेको सिमेन्ट तथा क्लिङ्कर स्वयं कम्पनीले ढुवानी दिन सक्ने ।

ट) कम्पनीले चुन, लाईमस्टोन सिमेन्ट तथा White सिमेन्ट लगायतका बस्तुहरु उत्पादन गर्न सक्ने ।

ठ) उपभोक्तालाई सहज विक्री वितरण गर्ने उद्देश्यले सिमेन्ट उद्योगबाट उत्पादित सिमेन्टलाई बल्करबाट ढुवानी गरि देशको विभिन्न स्थानमा लगि अत्याधुनिक मेशिनको प्रयोगबाट सिमेन्टको रिप्याकेजिङ्ग गर्ने र सोको विक्री वितरण गर्ने गराउने उद्देश्यले देशको विभिन्न स्थानमा सिमेन्ट प्याकेजिङ्गको उद्योग संचालन गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

**१) सहायक कम्पनीको नाम :**

क) भ्रेनम माईन्स् प्रा.लि ।

ख) मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि ।

ग) घोराही सिमेन्ट डेभलपिङ्ग कम्पनी प्रा.लि.।

घ) किरणकोल उद्योग प्रा.लि. ।

**२) सहायक कम्पनीको इतिहास र मुख्य उद्देश्य :**

**क) भ्रेनम माईन्स् प्रा.लि ।**

यस भ्रेनम माईन्स् प्रा.लि.कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०८/११ गते कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता नं. १७९०२३/०७४/०७५ मा दर्ता भएको हो रयस कम्पनीको स्थायी लेखा नं. ६०६८४१०४७ रहेको छ। यस कम्पनीमा घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको शत प्रतिशत लगानी रहेको छ।

<u>यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :</u>

१) प्रचलित कानुनको अधिनमा रहि स्वीकृति लिनु पर्नेमा समवन्धित निकायको स्वीकृति लिई नेपाल भित्र रहेका खनिज प्रदार्थहरु जस्तै चुनढुङ्गा, माटो, बालुवा, स्लेट, खरि, कोइला, तामा, जिन्क, कोवाल्ट, खनिज तेल, फलामको धाऊ, म्याग्नेसाईट, डोलोमाईट, पाईराइट, जिप्सम लगायतका धातु तथा अधातु खनिजहरुको खानि सम्बन्धि अध्ययन अनुसन्धान,अन्वेषण, खोजतलास,उत्खनन्,उत्पादन,सहउत्पादन तथा प्रशोधन गर्ने गराउने ।

२) कम्पनीबाट उत्पादित कच्चा तथा प्रशोधित खनिज पदार्थहरु स्वदेशमा बिक्रि वितरण गर्नुका साथै विदेशमा समेत निर्यात गर्ने गराउने ।

३) उल्लेखित उद्देश्यसँग सम्बन्धित बिभिन्न कम्पनीहरुको स्वदेशी प्रतिनिधि (एजेन्ट) भई कार्य गर्ने ।

४) खनिजहरुको आपुर्ति सप्लाइ सम्बन्धि ठेक्का पट्टामा सहभागि हुने ।

५) विभिन्न प्रकारका निमार्ण कार्यमा प्रयोग हुने विभिन्न स्तरको ढुङ्गा, स्पेशल कटिङ्ग ढुङ्गा, स्लेट, रोडा, बालुवा, गिट्टी, चिप्स लगायत सामाग्रिहरु उत्पादन गर्ने, प्रशोधन गर्ने तथा बिक्री बितरण गर्ने साथै सो सम्बन्धि ठेक्का पट्टामा भाग लिने ।

६) उत्पादित तथा प्रशोधित खनिज पदार्थहरु बिक्री बितरण र सप्लाई तथा निर्यात गर्न एजेन्सी, स्टकिस्ट, डिलरसिप, सबडिलरसिप, डिष्ट्रिव्युरसिप नियुक्ति गर्ने ।

७) नेपाल सरकार, स्थानिय निकाय अन्तर्गत पर्ने खोला, पहाड तथा अन्य स्थान तथा व्यक्तिबाट ढुङ्गा प्राप्त गर्न टेन्डर हाल्ने । स्वीकृती लिनुपर्ने मा स्वीकृति लिई खरिद गर्ने ।

८) कुनै पनि व्यक्ति, फार्म, कम्पनी, कर्पोरेट निकाय, संस्था वा बिदेशी संस्था संग टेक्निकल जानकारि तथा परामर्श तथा अन्य राय सल्लाह, सुझाव प्राप्त गर्नको लागि वार्ता गर्ने ।

९) कम्पनी उत्पादनको लागि आवश्यक पर्ने मेशिनरि तथा अन्य समानहरु स्वदेश तथा बिदेश बाट खरिद तथा आयात गरि प्राप्त गर्ने ।

१०) उत्पादित सामान ओसारपसार गर्नको लागि ट्रक तथा ट्रिपरहरु खरिद गरि वा भाडा तथा लिजमा लिइ कार्य गर्ने ।

**ख) मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि ः**

यस मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०६/१४ मा दर्ता नं. १९९११९/०७५/०७६ मा दर्ता भएको कम्पनी हो । यस कम्पनीको स्थायी लेखा नं. ६०६५७९८४ रहेको छ । यस कम्पनीमा घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको शत प्रतिशत लगानी रहेको छ ।

यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ ः

१) नेपाल अधिराज्यभर विभिन्न अवस्थामा रहेका धातुजन्य, बहुमुल्य पत्थर जन्य गैह् धातु जन्य साधारण निर्माण ढुङ्गा, खरी ढुङ्गा, चुनढुङ्गा, ढुङ्गे मार्वल, ग्रानेट, म्याग्नासाइट हिरा, रुवि, एक्वुमेरियम डोलामाइट, पत्थर कोइला लगाएत सम्पुर्ण खनिज तथा गैह् खनिज वस्तुहरु अन्वेषण, उत्खनन, संकलन, प्रशोधन तथा संग्रह गर्न साथै व्यवसायिक रुपमा स्वदेश तथा विदेशमा निकासी तथा विक्री गर्ने ।साथै स्वदेश तथा विदेशमा एजेन्सी दिने ।

२) उल्लेखित बमोजिमका सामानहरु उत्खनन, संकलन, उत्पादन तथा ढुवानी गर्नका लागि ट्रक, लहरी, एक्साभेटर, लोडर, क्रसर मेसिन वा सामान फिल्टर गर्नका लागि विधुतिय वा मानव द्धारा संचालित मेसिनरी समानहरु खरिद गर्ने । अन्य कम्पनी वा उद्योगले प्रयोग गरेका त्यस्ता मेशिनरी सामान भाडामा लिने वा खरिद गर्ने ।

३) खोलाहरुबाट अथवा कुनै पनि ढुङ्गा भएको ठाँउबाट आफैले संकलन गरि अथवा अन्य व्यक्ति, फर्म, कम्पनी, सरकारी वा गैरसरकारी जग्गा बाट खरिद गरि वा अन्य तरिका बाट रोडा ढुङ्गा उठाउने अनुमति प्राप्त गरि रोडा ढुङ्गा बालुवा संकलन गरि क्रसर मेसिनद्वारा गिट्टी तयार गरी ग्राहकहरुको माग अनुसार रोडा ढुङ्गा, वालुवा गिट्टी विक्री गर्ने र आवश्यक्ता अनुसार कम्पनीले रोडा ढुङ्गा, वालुवा गिट्टी तथा अन्य निर्माण सामाग्रीहरु समेत सप्लाई गर्ने ।

४) उक्त रोडा ढुङ्गा, गिटी, वालुवा वा निर्माण सामाग्रीहरु सप्लाईको लागि कम्पनीले डिलर, सवडिलर वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

५) खनिज उत्पादन संचालन गरि सम्बन्धीत वस्तुहरुको उत्पादन गर्ने वेचविखन, विक्री वितरण गर्ने ।

६) स्वीकृती लिनुपर्नेमा स्वीकृती लिई खानि सम्बन्धि व्यवसाय संचालन गरी विभिन्न वस्तुहरु (रोडा, ढुङ्गा, मार्वल, स्लेट, वालुवा, माटो, प्राकृतिक उर्जा, विभिन्न धातु आदी) उत्पादन गरि स्वदेश एवं विदेशमा बिक्रि वितरण गर्ने ।

७) खनिज जन्य वस्तु सवै किसिमका खानिका बस्तु उत्पादन गरि विभिन्न सेवा एंव वस्तुहरु प्रशोधन तथा विक्री वितरण गर्ने ।

८) सिमेन्ट उद्योग कारखानाको स्थापना गरी सिमेन्ट उत्पादन गरि स्वदेश तथा विदेशमा विक्री वितरण गर्ने।

९) सिमेन्ट उद्योग बनाउने आवश्यक चुनढुङ्गा लगायत यस संग सम्बन्धीत अन्य कच्चा पदार्थहरुको दर्ता, उत्खनन्, उत्पादन एवंम् प्रशोधन गरी विक्री वितरण गर्ने ।

**ग) घोराही सिमेन्ट डेभलपिङ्ग कम्पनी प्रा.लि.।**

यस घोराही सिमेन्ट डेभलपिङ्ग कम्पनी प्रा.लि कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०९/०७ गते कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता नं. १८०३३९/०७४/०७५ मा दर्ता भएको हो र यस कम्पनीको स्थायी लेखा नं. ६०६८२४३२३ रहेको छ । यस कम्पनीमा घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको शत प्रतिशत लगानी रहेको छ ।

यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

१) प्रचलित कानुन बमोजिम संम्बन्धीत निकायबाट स्वीकृती लिई जग्गा खरिद गरि सो जग्गालाई व्यवस्थित रुपमा प्लानिङ्गगर्न, प्लटिङ्ग गर्ने, बिक्री गर्ने लगायत रियल स्टेट सँग सम्बन्धित सम्पुर्ण कार्य गर्ने ।

२) प्रचलित कानुन बमोजिम संम्बन्धीत निकायबाट स्वीकृती लिई जग्गा खरिद गरि बृक्षारोपण गर्ने तथा वातावरणको संरक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

३) प्रचलित कानुन बमोजिम संम्बन्धीत निकायबाट स्वीकृती लिई विभिन्न निकायबाट विभिन्न मालवस्तु खरिद वा बिक्रिको लागि आह्वान गरेको टेण्डर तथा कोटेशनमा सहभागी भई बिक्रि वितरण गर्ने ।

**घ) किरणकोल उघोग प्रा.लि :**

यस किरणकोल उघोग प्रा.लि कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५३/०९/२४ मा दर्ता नं. ६१३३/०५३/०५४ मा दर्ता भएको कम्पनी हो । यस कम्पनीको स्थायी लेखा नं. ३००१२८६५५ रहेको छ । यस कम्पनीमा घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको ४७.५ प्रतिशत, श्री किरण कुमार दहालको २५ प्रतिशत र श्री रोशन दहालको २५ प्रतिशत र श्री आदित्य संघईको २.५ प्रतिशत लगानी रहेको छ ।

यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

१) विभिन्न किसिमका धातु तथा अधातु वर्गका खनिज खोजतलास गरि उत्पादन गर्ने ।

२) खनिज उत्पादन तथा विक्री वितरण

**३) सहायक कम्पनीमा भएको लगानीको प्रतिशत :**

क) भ्रेनम माईन्स् प्रा.लि को कुल चुक्ता पूँजीको १०० प्रतिशत ।

ख) मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि को कुल चुक्ता पूँजीको १०० प्रतिशत ।

ग) घोराही सिमेन्ट डेभलपिङ्ग कम्पनी प्रा.लि.को कुल चुक्ता पूँजीको १०० प्रतिशत ।

घ) किरणकोल उघोग प्रा.लि को कुल चुक्ता पूँजीको ४७.५ प्रतिशत ।

**छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

चुनढुंगा उत्खनन् र प्रशोधन गरी अत्याधुनिक प्रविधि जडित प्लाण्ट र मेशिनरीहरुबाट उच्च गुणस्तरको क्लिङ्कर तथा विभिन्न ग्रेडका सिमेन्ट उत्पादन तथा विक्री वितरण गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

संगठित संस्थाले जर्मन टेक्नोलोजीबाट बनेको उच्च स्तरीय उत्पादन प्रविधिहरु जडित आधुनिक Rotary Kiln तथा VRM र रोलर प्रेष ग्राईन्डिङ्गउपकरण प्रयोगमा ल्याएको छ । साथै, संगठित संस्थाले वायु प्रदुर्षण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस जस्तो आधुनिक प्रविधि प्रयोगमा ल्याएको छ ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

संगठित संस्थाले उद्योग विभागबाट मिति २०७० पुष ०३ गते पेटेण्ट, डिजाईन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ बमोजिम घोराही (GHORAHI) शब्द ट्रेडमार्क दर्ता गरि प्रमाणपत्र प्राप्त गरेको छ । साथै संगठित संस्थाले श्री विश्वकर्मा सिमेन्टस् प्रा.लि.ले मिति २०५४ साल पुस ८ मा पेटेण्ट, डिजाईन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ बमोजिम प्राप्त गरेको सगरमाथा (SAGARMATHA ) ट्रेडमार्क र मिति २०७१ साल भदौ २५ मा पेटेण्ट, डिजाईन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ बमोजिम प्राप्त गरेको ट्रेडमार्क सगरमाथा गोल्ड (SAGARMATHA GOLD) निर्वाद रुपमा प्रयोग गर्न पाउने गरि मिति २०७० साल भदौ २ गते सम्झौता गरेको छ । साथै संगठित संस्थाले श्री विश्वकर्मा सिमेन्टस् प्रा.लि.ले पेटेण्ट, डिजाईन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ बमोजिम मिति २०७२ भाद्र ०९ गते प्राप्त गरेको ट्रेडमार्क GORKHA PREMIUM, मिति २०७५ कात्तिक १४ गते प्राप्त गरेको ट्रेडमार्क GORKHA GOLD, मिति २०७२ कात्तिक १४ गते प्राप्त गरेको ट्रेडमार्क GORKHA TOUGH, मिति २०७५ फाल्गुन २१ गते प्राप्त गरेको ट्रेडमार्क GORKHA PREMIUM GOLD, सम्झौता गरि निर्वाद रुपमा प्रयोग गर्न मिति २०७५ फाल्गुन ०६ गते उद्योग विभागबाट ट्रेडमार्क प्रयोग अनुमति सम्झौताको स्वीकृती लिएको छ । साथै संगठित संस्थाले नेपाल गुणस्तर तथा नापतौल विभागबाट मिति २०७९ असार २३ गते सगरमाथा OPC ५३ Grade, मिति २०७८ साल श्रावण ५ गते सगरमाथा गोल्ड PPC र सगरमाथा OPC मा नेपाल गुणस्तर चिन्ह प्रयोग गर्न इजाजत प्राप्त गरेको छ । साथै संगठित संस्थाले International Certification

हरु(ISO:45001:2018 for Health & Safety Management System, ISO:9001:2015 for Quality Management System, ISO:14001:2015 for Environment Management System) समेत प्राप्त गरेको छ। यसरी प्राप्त विभिन्न ट्रेडमार्क चिन्ह, गुणस्तर चिन्ह, International Certification हरुमा कम्पनीको औधोगिक तथा बौधिक सम्पतीहरुको हक कम्पनीमा सुरक्षित रहेको छ। त्यसैगरि उत्पादित बस्तुको गुणस्तर निर्धारण गर्ने भारतको सरकारी निकाय Bureau of Indian Standard बाट कम्पनीले उत्पादित सिमेन्टलाई गुणस्तरको सर्टिफिकेट प्राप्त गर्ने कार्य प्रक्रियामा रहेको र तत्पश्चात् कम्पनीबाट उत्पादित सिमेन्ट भारतिय वजारमा निर्यात गर्न सकिने छ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

संगठित संस्थाले उत्पादित वस्तु विक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ। मधेश प्रदेशका जिल्लाहरु जनकपुर र रौतहट। बाग्मती प्रदेशका जिल्लाहरु काठमाण्डौ, ललितपुर, भक्तपुर, नगरकोट, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, चितवन, धादिड, सिन्धुली, मकवानपुर आदि। गण्डकी प्रदेशका जिल्लाहरु पोखरा, तनँहु, गोरखा, स्याङजा, पर्वत, लमजुङ्ग, मनाङ र मुस्ताङ। लुम्बिनी प्रदेशका जिल्लाहरु बाँके, बाग्लुङ, दाङ्ग, अर्घखाँची, गुल्मी, पाल्पा र रोल्पा। कर्णाली प्रदेशका जिल्लाहरु डोल्पा, दैलख, जुम्ला, मुगु, रुकुम, सल्यान र सुर्खेत सुदूर पश्चिम प्रदेशका जिल्लाहरु अछाम, बैतडी, बाजुरा, डोटी, कैलाली, कन्चनपुर आदि समेतका क्षेत्र संगठित संस्थाले ओगटेको प्रमुख वजार क्षेत्रहरु हुन। उल्लेखित स्थानहरुका अतिरिक्त देशका अन्य क्षेत्रहरुमा समेत बजार विस्तारको तयारी गरिएको छ। देशैभरि फैलिएका डिस्ट्रिव्युटरहरु अन्तर्गतको वितरण प्रणाली प्रयोग गरि उत्पादित सिमेन्टहरु विक्री वितरण गर्ने गरिएको छ। कम्पनीले उत्पादन गरेको क्लिङ्कर पश्चिम नेपालका सवै प्रमुख उद्योगहरुले सिमेन्ट उत्पादन गर्न प्रयोग गर्ने गरेका छन्। कम्पनीको उत्पादन क्षमता, वजार हिस्सा, डेलिभरी सिष्टम, विक्रिपछि कम्पनीले प्रदान गर्ने निःशुल्क प्राविधिक सेवा र बजार प्रर्वद्धनसंग सम्बन्धित कार्यहरु समेतका कारण देशभर अग्रणी ब्राण्डको रुपमा संगठित संस्थाका उत्पादनहरु स्थापित भएको छ।

साथै संगठित संस्थाले ओगटेको बजार क्षेत्र र सिमेन्ट उद्योगको तथ्याङ्कहरु निम्न बमोजिम रहेको छः

| क्र.स. | ओगटेको बजार क्षेत्र | बिक्री प्रतिशत |
|---|---|---|
| १. | सुदुर पश्चिम प्रदेश | ६० |
| २. | बाग्मती प्रदेश | १६ |
| ३. | गण्डकी प्रदेश | ३ |
| ४. | मधेश प्रदेश | १ |
| ५. | लुम्बीनी प्रदेश | २० |

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**

हाल कम्पनीले क्लिङ्कर , ओ. पि. सि., पि.पि.सि सिमेन्ट उत्पादन आफ्नो मुख्य लक्ष्यको रुपमा लिएको छ र आगामी दिनमा आउन सक्ने बजारको मागलाई ध्यानमा राखी विभिन्न ग्रेडका सिमेन्ट उत्पादन गरि बजारको आवश्यकतालाई परिपुर्ति गर्ने योजना राखेको छ। त्यस अनुरुप संगठित संस्थाले उत्पादन विविधिकरण गर्न सजिलो हुने गरी संगठनिक संरचना बनाई लागु गरेको छ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

कम्पनीको उद्योग रहेको जिल्ला घोराही र अन्य प्रदेशका जिल्ला तथा स्थानहरु क्रमसः मधेश प्रदेशका जिल्लाहरु जनकपुर र रौतहट। बाग्मती प्रदेशका जिल्लाहरु काठमाण्डौ, ललितपुर, भक्तपुर, नगरकोट, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, चितवन, धादिड., सिन्धुली, मकवानपुर आदि। गण्डकी प्रदेशका जिल्लाहरु पोखरा, तनँहु, गोरखा, लमजुङ्ग र म्याग्दी। लुम्बिनी प्रदेशका जिल्लाहरु बाँके, बाग्लुङ, अर्घखाँची, दाङ्ग, गुल्मी, र रोल्पा। कर्णाली प्रदेशका जिल्लाहरु डोल्पा, दैलेख, जुम्ला, मुगु, रुकुम, सल्यान र सुर्खेत। सुदूरपश्चिम प्रदेशका जिल्लाहरु आछाम, बैतडी, बाजुरा, डोटी, कैलाली, कन्चनपुर आदि समेतका क्षेत्रहरुमा उत्पादित सिमेन्ट विक्री वितरणको लागि कम्पनीले २ प्रकारका वितरण प्रणाली अवलम्बन गरेको छ। जसमा डिलर वितरण प्रणाली मार्फत होलसेलर, रिटेलर हुदैं ग्राहकसम्म पुर्‍याउने र अर्को उद्योगबाट सोझै ठुल-ठुला परियोजनाहरुमा प्रत्यक्ष रुपमा सप्लाई गर्ने व्यवस्था गरि विक्री वितरण गर्ने गरिएको छ। साथै बजार प्रर्वद्धनका लागि संगठित संस्थाले विभिन्न कार्यक्रमहरु संचालन गरि बजार प्रर्वद्धन गर्दै आएको छ।

संगठित संस्थाले आफ्नो व्यापार क्षेत्रमा ओगटेको क्लिङ्करको कारोबार तथ्याङ्को विवरण निम्न बमोजिम रहेको छ :

(कारोबार परिमाण मेट्रिक टन र रकम रु.हजारमा)

| कारोबार क्षेत्र | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ | | आ.व. २०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम |
| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | **आ.ब. २०७६/७७** | **आ.ब. २०७७/७८** | **आ.ब. २०७८/७९** | **आ.ब. २०७९/८०** | **आ.ब. २०८०/८१** | **आ.ब. २०८१/८२** |
| चूक्ता पूँजी (रु. हजारमा) | ३०,२६,२१० | ३१,७७,५२१ | ३१,७७,५२१ | ३९,७१,९०१ | ३९,७१,९०१ | ३९,७१,९०१ |
| जगेडा कोष तथा संचित नाफा | ३४,६५,०९९ | ३६,९५,०२७ | ३९,४३,८६० | ७०,५४,००० | ७७,०२,७३५ | ८६,७९,११६ |
| अन्य कोष (रु. हजारमा) | ७९,०६० | ७९,०६० | ७९,०६० | ७९,०६० | ७९,०६० | ७९,०६० |
| **कूल नेटवर्थ** | **६५,७०,३६९** | **६९,५१,६०८** | **७२,००,४४१** | **१११,०४,९६१** | **११७,५३,६९६** | **१,२७,३०,०७७** |
| शेयर संख्या (रु. हजारमा) | ३०,२६२ | ३१,७७५ | ३१,७७५ | ३९,७१९ | ३९,७१९ | ३९,७१९ |
| प्रति शेयर नेटवर्थ (रु.) | २१७.१२ | २१८.७७ | २२६.६१ | २७९.५९ | २९५.९२ | ३२०.५० |
| प्रति शेयर चूक्ता पूँजी(रु.) | १००/- | १००/- | १००/- | १००/- | १००/- | १००/- |
| नेटवर्थमा औसत प्रतिफल | ०.८५ | ५.३५ | ३.०१ | ४.१७ | ५.५२ | ७.६७ |
| **निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हूने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा** | | | | **२.५४** | | |

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : ८.३९**

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री वि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट ले प्रमाणित गर्नु भएको हो।

### ग.१०. धितोपत्र निष्काशनसम्वन्धी विवरणः

### ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.३,९७,१९,००,६००/–(अक्षरेपी तिन अर्व सन्तानब्बे करोड उन्नाइस लाख छ सय रुपैंया मात्र) को २० प्रतिशत शेयर सर्वसाधारणहरुमा निष्काशन गर्न सकिने हुँदा ७९,४३,८०१ कित्ता शेयर (७५,४६,६११ कित्ता शेयर सर्वसाधारणको लागि तथा ३,९७,१९० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका निमित्त निष्काशन सहित जम्मा ७९,४३,८०१ कित्ता शेयर) यो विवरणपत्र मार्फत धितोपत्र निष्काशन गर्न लागिएको हो। सर्वसाधारणमा शेयर जारी गरी संगठित संस्थामा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न लागिएको हो।

### ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीका उपयोग :

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

कम्पनीले आफ्नो जारी पूँजी रु ३,९७,१९,००,६००/-(अक्षरेपी तिन अर्व सन्तानब्बे करोड उन्नाइस लाख छ सय रुपैंया मात्र) को २०% अर्थात रु.७९,४३,८०,१००/-(अक्षरेपी उनासी करोड त्रिचालिस लाख असी हजार एक सय रुपैंया) बराबरका ७९,४३,८०१ कित्ता मध्ये अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.३००/- थप गरी प्रति शेयर रु.४००/- अंकित दरको ३,९७,१९०, कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्र दाङ्ग जिल्लाको घोराही उपमहानगरपालिका वडा.नं. १,२,३,४,१४,१७,१८ र १९, बंगलाचुली गा.पा ३ र ४, र रोल्पा जिल्ला त्रिवेणी गा.पा वडा नं. ३ र ४ का बासिन्दाहरुको निमित्त तथा बाँकी रकम रु.७५,४६,६१,१००/- (अक्षरेपी पचहत्तर करोड छयालिस लाख एकसठी हजार एक सय मात्र) बराबरको अंकित मूल्य १००/- मा प्रिमियम वापत रु.३३५/- थप गरी प्रति शेयर रु.४३५/- अंकित दरको ७५,४६,६११ कित्ता साधरण शेयरबाट संकलन भएको रकम र आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुबाट प्रिमियम सहित संकलन भएको रकम तथा सर्वसाधारणहरुबाट प्रिमियम सहित संकलन भएको रकमले विभिन्न बैंकबाट लिइएको कर्जा चुक्ता गर्न उपयोग गरिनेछ। जसको विस्तृत विवरण निम्न अनुसार खुलाइएको छ।

| क्र.सं. | निष्काशनबाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र | छुटाट्टएको रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | बैंकबाट लिइएको कर्जा चुक्ता गर्नुपर्ने | ३४,१७,९८९.०० | |

**संगठित संस्थाले धितोपत्र निष्काशनबाट प्राप्त पूँजीमा संम्बन्धीत खर्चहरु कट्टी गरि निम्न बमोजिमका बैक तथा वित्तिय संस्थाहरुलाई भूक्तानी गरिने छ :**

**रकम (रु.हजारमा)**

| क्र.सं. | बैकको नाम | कर्जा रकम |
|---|---|---|
| १. | हिमालयन बैक लि. | ४,८१,६६३.०० |
| २. | नविल बैक लि. | ५,६१,२६०.०० |
| ३. | नेपाल ईन्भेस्टमेन्ट बैंक लि. | २,४९,८६४.०० |
| ४. | लक्ष्मी बैंक लि | २,४६,३५४.०० |
| ५. | सिद्धार्थ बैंक लि. | २,०९,३५२.०० |
| ६. | माछापुच्छ्रे बैक लि. | २,६७,२८४.०० |
| ७. | कुमारी बैंक लि. | ९९,९३२.०० |
| ८. | नेपाल एसबिआई बैंक लि. | २,३१,३५५.०० |
| ९. | ग्लोबल आइएमई बैक लि. | १,३४,३३३.०० |

| क्र.सं. | बैकको नाम | कर्जा रकम |
|---|---|---|
| १०. | सन्राईज बैक लि. | २,८७,८३०.०० |
| ११. | बैक अफ काठमाण्डौ लि. | ३,५६,६७८.०० |
| १२. | सिटिजन्स इन्टरनेसनल बैक लि. | १,०५,६३४.०० |
| १३. | मेगा बैक नेपाल लि. | १,८६,४५०.०० |
| **जम्मा कर्जा रकम** | | **३४,१७,९८९.००** |

**कम्पनीले विभिन्न बैंकबाट लिएको ऋण सम्वन्धि विवरण**

**(२०७९ अषाढ मसान्त सम्मको)**

**रकम (रु.हजारमा)**

| क्र.सं. | बैकको नाम | दिर्घकालिन आवधिक कर्जा | अल्पकालिन माग कर्जा | हायर पर्चेज कर्जा | अल्पकालिन आवधिक कर्जा | ओभरडाफ्ट कर्जा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | हिमालयन बैक लि. | ११,१७,८६५.०० | १,७०,०००.०० | - | - | ७९,३९१.०० | १३,६७,२५६.०० |
| २. | नविल बैक लि. | १३,०५,०३८.०० | १,००,०००.०० | - | - | ३,०४,०८०.०० | १७,०९,११८.०० |
| ३. | नेपाल ईन्भेस्टमेन्ट बैंक लि. | ५,८९,०४१.०० | १,५०,०००.०० | - | ५५,०००.०० | ५०,०००.०० | ८,५६,३७०.०० |
| ४. | लक्ष्मी बैंक लि | ५,८८,०५८.०० | ३,६९,४३३.०० | - | - | ३०,०००.०० | ९,८७,४९१.०० |
| ५. | सिद्धार्थ बैंक लि. | ४,८०,५९९.०० | ३७,३१४.०० | १,२८,१५५.०० | - | - | ६,४६,०६८.०० |
| ६. | माछापुच्छ्रे बैक लि. | ६,२३,८३९.०० | १,३०,०००.०० | - | - | १,१८,१७५.०० | ८,७२,०१४.०० |
| ७. | कुमारी बैंक लि. | २,२७,६५९.०० | ५,३८,५००.०० | - | - | ९९,७४३.०० | ८,६५,९०२.०० |
| ८. | नेपाल एसबिआई बैंक लि. | ५,२८,६८३.०० | - | - | - | ९७,०००.०० | ६,२५,६८३.०० |
| ९. | ग्लोबल आइएमई बैक लि. | ३,३६,२३३.०० | ३,२०,०००.०० | - | ५६,६३६.०० | २३,०७४.०० | ७,३५,९४३.०० |
| १०. | सन्राईज बैक लि. | ६,८०,२३१.०० | २,६२,८७३.०० | - | - | २४,८०७.०० | ९,६७,९११.०० |
| ११. | बैक अफ काठमाण्डौ लि. | ८,३६,४३९.०० | - | - | - | - | ८,३६,४३९.०० |
| १२. | सिटिजन्स इन्टरनेसनल बैक लि. | २,५१,७७२.०० | - | - | - | १,०३,८७१.०० | ३,५५,६४३.०० |
| १३. | मेगा बैक नेपाल लि. | ४,४८,५९९.०० | १,५०,०००.०० | - | - | ४७,९०४.०० | ६,४६,५०३.०० |
| १४. | स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि. | - | ६,२७,५००.०० | - | १,४१,२३८.०० | - | ७,६८,७३८.०० |
| **जम्मा** | | | | | | | **१,२३,११,४६४.००** |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्थाः**

अन्य कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेको छ। कथंकदाचित निष्काशन गरिने शेयर मध्ये उद्योग प्रभावित क्षेत्रका वासिन्दालाई छुट्टाइएको शेयर पूर्णरुपमा खरिद नभएमा बांकि शेयर सर्वसाधारणहरुको लागी छुट्टाइएको शेयरमा थप गरि निष्काशन गरिने छ। सर्वसाधारणलाई छुट्टाइएको शेयर समेत विक्री नभई बाँकी रहेको अवस्थामा प्रत्याभुतकर्ता श्री नागरिक लगानि कोष, नँया बानेश्वर सँग भएको सम्भौता अनुसार बाँडफाँट गरिनेछ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भईसकेको भए सो सम्बन्धी विवरण :** उद्योग निर्माण सम्पन्न भई विगत वर्षहरु देखि सिमेन्ट तथा क्लिङ्कर उत्पादन समेत शुरु भई विक्री वितरण भईरहेको अवस्था रहेकोछ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** उद्योग निर्माण सम्पन्न भई सिमेन्ट तथा क्लिङ्कर उत्पादन समेत शुरु भई विक्री वितरण भईरहेको अवस्था रहेको।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्भौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

| क्र.सं. | आपुर्तिकर्ता को नाम | सम्भौताका मुख्य वुदाहरु |
|---|---|---|
| १. | ह्यूमबल्ड्ट वेदेग इंडिया प्रा.लि. | १. सप्लायर्सलाई भुक्तानीका सम्बन्धमा १५ प्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने, बाँकी ८५ प्रतिशतको ७५ प्रतिशत सामान प्राप्त पश्चात र १० प्रतिशत सेवा समाप्त पश्चात।<br>२. अपरिवर्तित प्रतित पत्र (Irrevocable Letter of Credit) खोलि आयात गर्ने।<br>३. आयातित समानहरुको वारेन्टीको हकमा संचालनमा आएको २ वर्ष वा ढुवानी भएको २ वर्ष ६ महिना मध्ये को पहिलो अवधिलाई मानिने छ।<br>४. आपुर्तिमा ढिलाई भएको खण्डमा सम्भौता रकमको ०.५ प्रतिशतले हुने रकम जरिवाना वापत आयातकर्तालाई भुक्तानी गर्नुपर्ने।<br>५. आपुर्तिकर्ताले सम्भौता रकमको ७.५ प्रतिशत बराबर संस्थागत जमानीको कबोल गर्नुपर्ने। |
| २. | जीईबीआर फाइफर | १. सप्लायर्सलाई भुक्तानीका सम्बन्धमा १० प्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने, बाँकी ८० प्रतिशत सामान प्राप्त पश्चात र १० प्रतिशत सेवा समाप्त पश्चात।<br>२. अपरिवर्तित प्रतित पत्र (Irrevocable Letter of Credit) खोलि आयात गर्ने। |
| ३. | आइकेएन जीएमबीएच | १. सप्लायर्सलाई भुक्तानीका सम्बन्धमा १५ प्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने, बाँकी ८५ प्रतिशतको ७५ प्रतिशत सामान प्राप्त पश्चात र १० प्रतिशत सेवा समाप्त पश्चात।<br>२. अपरिवर्तित प्रतित पत्र (Irrevocable Letter of Credit) खोलि आयात गर्ने।<br>३. आयातित समानहरुको वारेन्टीको हकमा संचालनमा आएको २ वर्ष वा ढुवानी भएको २ वर्ष ६ महिना मध्ये को पहिलो अवधिलाई मानिने छ।<br>४. आपुर्तिमा ढिलाई भएको खण्डमा सम्भौता रकमको ०.५ प्रतिशतले हुने रकम जरिवाना वापत आयातकर्तालाई भुक्तानी गर्नुपर्ने।<br>५. आपुर्तिकर्ताले सम्भौता रकमको ७.५ प्रतिशत बराबर संस्थागत जमानीको कबोल गर्नुपर्ने। |
| ४. | एबीबी इंडिया लि. | १. सप्लायर्सलाई भुक्तानीका सम्बन्धमा १५ प्रतिशत अग्रिम भुक्तानी गर्नुपर्ने, ७५ प्रतिशत सामान प्राप्त पश्चात र १० प्रतिशत सेवा समाप्त पश्चात।<br>२. आयातित समानहरुको वारेन्टीको हकमा संचालनमा आएको २ वर्ष ६ महिना वा ढुवानी भएको ३ वर्ष मध्ये को पहिलो अवधिलाई मानिने छ।<br>३. आपुर्तिमा ढिलाई भएको खण्डमा सम्भौता रकमको ०.५ प्रतिशतले हुने रकम जरिवाना वापत आयातकर्तालाई भुक्तानी गर्नुपर्ने छ तथा अधिकत्तम कुल जरिवाना सम्भौता रकमको ५ प्रतिशत मात्र हुनेछ। |

**कम्पनीले खरिद गरेको उपकरणको मूल्य :**

| सि.न. | प्रतित पत्र नं. | आपुर्तिकर्ता को नाम | सामानको नाम | मुद्रा | रकम |
|---|---|---|---|---|---|
| १. | HBLIRI03740829 | ह्यूमबल्ड्ट वेदेग इंडिया प्रा.लि. | क्लिंकर उत्पादन प्लान्ट र मेसिनरी | भारु | ४३३,१२३,०००.०० |
| २. | HBLIUI03740294 | ह्यूमबल्ड्ट वेदेग इंडिया प्रा.लि. | क्लिंकर उत्पादन प्लान्ट र मेसिनरी | यूरो | ९,२१,०००.०० |
| ३. | HBLIRI03740856 | जीईबीआर फाइफर | ५५२ टीपीएच कच्चा पदार्थ ग्रइन्डिङ | भारु | २४३,४००,०००.०० |
| ४. | HBLIFX03741072 | जीईबीआर फाइफर | ५५२ टीपीएच कच्चा पदार्थ ग्रइन्डिङ | यूएसडी | २३,७३,०००.०० |
| ५. | HBLIFX03741071 | आइकेएन जीएमबीएच | १ पेन्डुलम क्लिंकर कूलर | यूरो | ८५०,०००.०० |

| सि.न. | प्रतित पत्र नं. | आपुर्तिकर्ता को नाम | सामानको नाम | मुद्रा | रकम |
|---|---|---|---|---|---|
| ६. | HBLIRI03740979 | जीईबीआर फाइफर ( इंर्णडिया)प्रा.लि. | ७० टीपीएच सिमेन्ट (OPC) ग्रइन्डिङ | भारु | ५९,८८५,८००.०० |
| ७. | HBLIFX03741082 | जीईबीआर फाइफर एसइ | ७० टीपीएच सिमेन्ट (OPC) ग्रइन्डिङ | यूरो | ८,१९,३६८.०० |
| ८. | 22518LS00335 | थर्मेक्स लिमिटेड | फिल्टर भ्रोलहरु | भारु | ५६,०००,०००.०० |
| ९. | 22518LS00336 | आइकेएन जीएमबीएच | १ पेन्डुलम क्लिंकर कूलर | भारु | २९,८००,०००.०० |
| १०. | IUDSFA218INR0576 | टेनोभा इंडिया प्रा.लि. | स्ट्याकर र रिक्लेमर | भारु | ६६,५००,०००.०० |
| ११. | 005LCNI18080575 | एल एन्ड.टी | र लाइमस्टोन क्रसिङ प्लान्ट | भारु | ६५,५००,०००.०० |
| १२. | 005LCNI18070544 | एलएनभी टेक्नालजी | कच्चा पदार्थ ह्यान्डलिंग | भारु | ६७,३५०,०००.०० |
| १३. | 013IMFLC181573 | एबीबी इंडिया लि. | बिधुतिय उपकरण | भारु | ३७,५००,०००.०० |
| १४. | HBLIRI03750930 | लेटस पवरगेयर | प्यानदको आपूर्ति | भारु | ३२,५००,०००.०० |
| १५. | HBLIFX03751151 | हाईटेक् इंटर्नेस्नल ईन्जिनियरिंग लि. | सिमेन्ट प्लान्टका सामानहरु | भारु | १,००१,१९६.०० |
| १६. | HBLIRI03751787 | काँल्डरीस इंडिया रिफ्याक्टसरिज लि. | रिफ्रेक्टरी ईंट र अन्य सामग्रीहरु | भारु | ९३,८५५,२८५.३८ |

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण ः**

यस संगठित संस्था लाई उद्योग विभाग को मिति २०७५/११/०६ ,प.सं. २०७५/०७६/क , च.नं.ः ३५५ बाट ट्रेडमार्क प्रयोग अनुमति सम्झौता स्वीकृति पत्र प्राप्त भएको र श्री विश्वकर्मा सिमेन्ट प्र.लि सँग सम्झौता देहाय बमोजिम रहेको छ।

| क्र.स | पार्टीको नाम ठेगाना | दर्ता नं. | ट्रेडमार्क इजाजत | रोयल्टी सहकार्य | प्रमुख शर्तहरु |
|---|---|---|---|---|---|
| १. | श्री विश्वकर्मा सिमेन्ट प्रा.लि | ३७१२७ | विश्वकर्मा गोल्ड | प्रति बोरा रु. १० मात्र। | -ट्रेडमार्क प्रयोग अवधि मिति २०७५/०५/१५ बाट लागु हुने गरी २०८०/०५/१४ सम्म।<br>-ट्रेडमार्क प्रयोग वापत ट्रेडमार्क धनीलाई बुझाउनु पर्ने रोयल्टी रकमा लाग्ने कर राजश्व अग्रिम रुपमा कट्टा गरी भुक्तानी गर्ने। |
| | | ३९३२० | GORKHA PREMIUM | | |
| | | ४६६५६ | गोरखा टफ (ले.) | | |
| | | १३०३२ | VISHWOKARMA (logo) | | |
| | | ४६६५४ | GORKHA PREMIUM GOLD PSC | | |
| २. | श्री विश्वकर्मा सिमेन्ट प्रा.लि | १३०३६/०५४ | SAGARMATHA | सो नभएको। | निर्वाद रुपमा प्रयोग गर्न पाउने गरि मिति २०७० साल भदौ २ गते सम्झौता गरेको छ। |
| | | २०१३/०४९२३१ | SAGARMATHA GOLD | | |

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सोको प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण ः** संगठित संस्थाले उत्पादन गर्ने वस्तु क्लिङ्कर तथा सिमेन्ट हो। क्लिङ्कर सिमेन्ट उत्पादन गर्नको लागि प्रयोग हुने प्रमुख कच्चा पदार्थ हो। सिमेन्टको प्रयोग सडक, पूल, जलविद्युत, टनेल, विद्युत गृह, नहर, ढल निकास, खानेपानी, सिंचाई, आवासिय तथा व्यवसायिक भवन, कम्प्लेक्स, सरकारी तथा नीजि घर भवन, ह्युम पाईप, विद्युत पोल, टायल, उद्योग लगायतका अधिकाँश संरचनाहरुको निर्माण, पूनः निर्माण गर्न र देश विकाशका अन्य पूर्वाधारहरु जस्तै रेल्वे, एयरपोर्ट लगायतका संरचनाहरुको निर्माण र मर्मत सम्भार गर्न निर्माणसंग सम्बन्धित कार्यहरुका लागि अति आवश्यक बस्तु हो। क्लिङ्कर का लक्षित समूह नेपाल अधिराज्यभरी स्थापना भएका सिमेन्ट उत्पादन गर्ने कम्पनीहरु हुन् र सिमेन्टको लक्षित समूह निर्माण उद्योगसंग सम्बन्धित व्यवसायी वा धनि, उपभोक्ता समूह, निर्माण कम्पनी र व्यक्तिहरु हुन। हाल संगठित संस्थाको क्षमता बृद्धी पश्चात कायम रहेको वार्षिक क्लिङ्कर उत्पादन क्षमता १७,९७,००० मेट्रिक टन र वार्षिक सिमेन्ट उत्पादन क्षमता १०,४०,००० मेट्रिक टन छ। आ.व. २०७८/२०७९ मा संगठित संस्थाले सिमेन्ट ४,३२,१५७ मेट्रिक टन (क्षमता ६,२०,००० मेट्रिक टन) र क्लिङ्कर ५,०१,५१२ मेट्रिक टन (क्षमता ८,४०,००० मेट्रिक टन) उत्पादन गरि विक्रि वितरण गरेको छ। संगठित संस्था २०६९ साल देखि नै संचालन भई उत्पादित क्लिङ्कर तथा सिमेन्ट नेपाली बजारमा प्रमुख व्राण्डको रुपमा विक्री वितरण भई रहेको छ। साथै भविष्यमा संगठित संस्थाले विभिन्न ग्रेडका सिमेन्टहरु समेत उत्पादन गरी उत्पादन विविधिकरण समेतका कार्य गर्ने लक्ष्य लिएको छ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत ः**

संगठित संस्थालाई सिमेन्ट तथा क्लिङ्कर उत्पादन गर्न आवश्यक पर्ने अन्य कच्चा पदार्थहरु जस्तै जिप्सम, आईरन ओर, रातो क्ले संगठित संस्थाले उपलब्धता भए सम्म स्थानिय बजारबाट र उपलब्धता नभएमा भारत, ओमान तथा अन्य देशहरुबाट आयात गरिरहेको छ। सिमेन्ट तथा क्लिङ्कर उत्पादनलाई आवश्यक पर्ने उर्जाका लागि कोइला संगठित संस्थाले भारत, साउथ अफ्रिका, इन्डोनेसिया, अस्ट्रेलिया तथा अन्य देशहरुबाट आयात गर्दै आईरहेको छ। सिमेन्टमा प्रयोग हुने प्याकेजिङ्ग मटेरियल्सहरु संगठित संस्थाले स्थानिय उत्पादन कम्पनीहरु बाट नै सोझै खरिद गरि रहेको छ।

श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले आवश्यक पर्ने चुनढुङ्गा सुनिश्चितताका लागि श्री मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि.मा सतप्रतिशत लगानी गरेको छ। श्री मालारानी माईन्स एण्ड मिनरल्स प्रा.लि. घोराही, साविक गा.पा. सैधा मा ३.९९२८ वर्ग कि.मि क्षेत्र खानी तथा भुगर्व विभागबाट मिति २०७१/०९/२५ देखि २१०१/०९/२४ सम्म अनुमति वहाल रहने गरी मिति २०७१/०९/२५ मा चुनढुङ्गा उत्खनन् कार्यको लागि अनुमति पत्र नं. १५०/०७१/७२ प्राप्त गरेको छ।

संगठित संस्थाले श्री विश्वकर्मा माईन्स एण्ड मिनरल्स प्रा.लि संग मिति २०६९/०१/५ गते श्री विश्वकर्मा माईन्स एण्ड मिनरल्स प्रा.लिको स्वामित्वमा रहेको खानीबाट उत्पादित चुनढुङ्गा लगायतका कच्चा पदार्थ अरु कसैलाई बिक्री वितरण गर्न नपाउने गरि श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडलाई मात्र विक्रि वितरण गर्ने गरि सम्झौता गरेको छ। श्री विश्वकर्मा माईन्स एण्ड मिनरल्स प्रा.लिले दाङ्ग जिल्लाको लमही न.पा.(साविक काभ्रे गा.वि.स. ५ र ६) मा ५.५ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्व विभागबाट मिति २०६७/०९/१८ देखि २०९७/०९/१७ सम्म अनुमति वहाल रहने गरी मिति २०६७/०९/१८ मा चुनढुङ्गा उत्खनन कार्यको लागि अनुमति पत्र नं.७२/०६७/६८ प्राप्त गरि उक्त चुनढुङ्गा खानी संचालन गरि रहेको छ।

संगठित संस्थाले श्री रोल्पा चुनढुङ्गा खानी प्रा.लि. संग मिति २०७७/१२/१८ गते श्री रोल्पा चुनढुङ्गा खानी प्रा.लि.को स्वामित्वमा रहेको खानीबाट उत्पादित चुनढुङ्गा लगायतका कच्चा पदार्थ अरु कसैलाई विक्रि वितरण गर्न नपाउने गरि श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडलाई मात्र विक्री वितरण गर्ने गरि सम्झौता गरेको छ। श्री रोल्पा चुनढुङ्गा खानी प्रा.लि.ले रोल्पा जिल्लाको त्रिवेणि गा.पा.(साविक वुडागाँउ) मा १.९५५ वर्ग कि.मि.क्षेत्र खानी तथा भुगर्व विभागबाट मिति २०७७/०१२/१६ देखि २१०७/१२/१५ सम्म अनुमति वहाल रहने गरी मिति २०७७/१२/१६ मा चुनढुङ्गा उत्खनन् कार्यको लागि अनुमति पत्र नं. १०९/०७७/७८ प्राप्त गरि उक्त चुनढुङ्गा खानी संचालन गरि रहेको छ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत ः** नेपाल विद्युत प्राधिकरणबाट वितरित विद्युत तथा स्थानीय स्रोतबाट प्राप्त हुने पानी उद्योगमा प्रयोग गरी संचालनमा प्रयोगमा ल्याइएको छ। विद्युतको लोडसेडिँग भएमा समेत जेनेरेटरबाट २४ सै घण्टा उद्योग संचालन गर्ने गरी बैकल्पिक व्यवस्था गरिएको छ।

**(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टा छुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.६०,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु १,७२,७७,७६७.१७

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – रु.१,३५,०००/–

(उ) लेखापरिक्षकको शुल्क – रु.२५०,०००/–

(ऊ) अन्य - सुचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः सो नभएको।**

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य ः**

(१) संगठित संस्थाले देहायको शर्तको अधीनमा रही प्रिमियममा धितोपत्रको सार्वजनिक निष्काशन गरिएको :

उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुलाई जारी गरिने शेयरमा शेयरको अंकित मुल्य रु १००/- मा प्रिमियम वापत रु.३००/- थप गरि प्रति शेयर रु ४००/-अंकित र सर्वसाधारणमा जारी गरिने शेयरमा शेयरको अंकित मूल्य रु. १००/-मा प्रिमियम वापत रु ३३५/- थप गरि प्रति शेयर रु ४३५/- अंकित मा निष्काशन गरिएको छ। यसका कारण र औचित्य निम्नानुसार छन्।

(क) संगठित संस्था लगातार पछिल्लो तीन वर्षसम्म खुद मुनाफामा संचालनमा रहेको

| आ.व. | नाफा/नोक्सान (रु.हजारमा) |
|---|---|
| २०७६/७७ | ५५,७८४ |
| २०७७/७८ | ३,७१,०६७ |
| २०७८/७९ | २,१६,५४२ |

(ख) संगठित संस्थाको सम्पुर्ण दायित्व भन्दा खुद सम्पती (Net Worth) बढि रहेको ।

| आ.व. | खुद सम्पती (Net Worth) |
|---|---|
| २०७६/७७ | २१७.१२ |
| २०७७/७८ | २१८.७७ |
| २०७८/७९ | २२६.६१ |

(२) बोर्डको निर्णयानुसार कम्पनीको विगत वर्तमान र भविष्यको वित्तीय विवरणको मूल्याङ्कनका आधारमा प्रिमियम मूल्य निर्धारणका विधि तथा आधारहरु देहाय अनुसार निर्धारण गरिएको छ :

| मूल्याङ्कन विधि | मूल्य |
|---|---|
| १) पूँजीकृत भएको आम्दानी | २९१.६३ |
| २) सिमेन्ट उद्योगको मूल्य आम्दानी अनुपातको आधारमा सापेक्ष मूल्याङ्कन | ९७६.५५ |
| ३) डिष्काउन्टेड नगद प्रवाह विधि | ४९८.६२ |
| ४) माथि उल्लेखित विधिहरुको औषत मूल्याङ्कन विधि | ५८८.९३ |

(३) धितोपत्रको प्रिमियम मूल्य निर्धारण गर्दा/गराउँदा देहाय अनुसारका पक्षहरुको औचित्य पुष्टि गर्ने आधारहरु समेत उल्लेख गरिएको छ :

क) सम्वन्धित व्यवसायको औषत प्रतिफल तथा विटा गणना भएको हकमा सो का आधारहरु ।

ख) प्रति शेयर खुद सम्पत्तिको मूल्य निर्धारण गर्ने प्रयोजनका लागि समावेश भएका विभिन्न रकमहरुको विस्तृत विवरण तथा आधारहरु ।

ग) वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य ।

घ) Discount Rate तथा Terminal Growth Rate गणना गर्दाका आधारहरु :

- ✓ Risk Free Rate of Return गणना गर्दा नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको “11% Citizen Saving Bond 2084” मा भएको Return लाई आधार मानिएको छ।
- ✓ यस प्रकृतिको सापेक्षित सुचिकृत उद्योग श्री शिवम् सिमेन्ट्स लिमिटेडको बिटालाई यस कम्पनीको पूँजी तथा ऋण अनुपातले समायोजन गरि १.४२ बिटा लिइएको छ।
- ✓ Market Rate of Return को गणनाका लागि पछिल्लो २० आर्थिक वर्षको नेप्से परिसूचकको औसत १३.६३ प्रतिशत लिइएको छ।
- ✓ Terminal Growth Rate को गणनाका लागि पछिल्लो २० आर्थिक वर्षको कुल ग्राह्यस्थ उत्पादनको औसत ४.२०% प्रतिशत लिइएको छ।
- ✓ Cost of Equity CAPM विधि प्रयोग गरि १५.६१ प्रतिशत लिइएको छ।

(४) यस विवरणपत्र मार्फत प्रिमियम मूल्यमा सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको मुल्याङ्कन सम्वन्धी कार्य श्री जी.पी.राजबाहक एण्ड कम्पनी, चार्टड एकाउन्टेण्टस संस्थाका चार्टड एकाउन्टेण्ट श्री अशेष राजबाहकज्यूले प्रमाणित गर्नु भएको हो ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” (छैंठौं संशोधन २०७९)

मा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिने छ।

२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिने छ।

३. बुँदा (२) बमोजिम शेयर बाँटफाँटको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँट गरिने छ।

४. उपरोक्त अनुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरिने छ।

५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।

६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइनेछ।

७. उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समुहमा थप गरी जारी गरिने छ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

सर्वसाधारण तथा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (सि आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा तिनका शाखा कार्यालयहरुबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी सोही खातामा रोक्का रहेको बाँकी रकम कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।

साथै उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुबाट भौतिक रुपमा प्राप्त आवेदनहरुका लागि शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा सुचना द्वारा जानकारी गराई शेयर बाँडफाँट र रकम फिर्ता भुक्तानी गरिनेछ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" (छैंठौं संशोधन २०७९ सहित) ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन पर्नेमा दिन नसकिएमा सोही निर्देशिकामा भएको व्यवस्था अनुसार गरिने छ।

**(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**

सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" (छैंठौं संशोधन २०७९ सहित) मा व्यवस्था भए अनुसार बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

**(ङ) धितोपत्र सूचिकरण भईसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको।

**(च) धितोपत्र सूचिकरण भईनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९ सहित) मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मा सूचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइने छ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

प्रत्याभुत गरिएको कित्ताः कित्ता ७९,४३,८०१/-

प्रत्याभुत गरिएको रकमः रु ३,४५,५५,५३,४३५/-

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगानाः नागरिक लगानि कोष, नयाँ वानेश्वर, काठमाण्डौं ।

प्रत्याभूति सम्झौता हस्ताक्षर मिति :२०७९/०४/०१

प्रत्याभूति सम्झौता बहाल रहने मिति : सम्झौता हस्ताक्षर मिति देखि १२ महिना सम्म ।

**ख) धितोपत्र प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ।

१. कम्पनीको जारी पूँजि रु ३,९७,१९,००,६००।- को २०% ले हुने मूल्य रु.७९,४३,८०,१००/- बरावरको जम्मा ७९,४३,८०१ कित्ता शेयर मुल्य रु. १००/- मा प्रिमियम वापत रु ३३५/- थप गरी प्रति कित्ता मुल्य रु ४३५/- अंकित दरले शेयरको मूल्य रु. ३,४५,५५,५३,४३५/- (अक्षरेपी तीन अर्व पैतासिल करोड पचपन्न लाख त्रिपन्न हजार चार सय पैतिस मात्र) को शेयर प्रत्याभुति ब्यवस्थापनको कार्य गर्न श्री नागरिक लगानी कोषलाई प्रत्याभूतिकर्ताको रुपमा नियुक्त गरेको छ।

२. प्रत्याभूतिकर्ताले कम्पनीको शेयर प्रत्याभूत गर्न यस सम्झौता बमोजिम कबुल गरेको शेयर कित्ताले खामेसम्मको मात्र दायित्व बहन गर्नेछ।

३. प्रत्याभूतिकर्ताले आफू नेपाल धितोपत्र बोर्डबाट सदस्यता प्राप्त धितोपत्र व्यवसायी रहेको र कम्पनीको ७९,४३,८०१ कित्ता प्रिमियम मुल्य सहित रु. ४३५/- अंकित दरले शेयरको मूल्य रु. ३,४५,५५,५३,४३५/- (अक्षरेपी तीन अर्व पैतासिल करोड पचपन्न लाख त्रिपन्न हजार चार सय पैतिस मात्र) को शेयर प्रत्याभुति गर्न कानूनी र आर्थिक रुपमा सक्षम आधिकारिक संस्था हो भनी उद्घोष गरेको छ।

४ यो सम्झौता हस्ताक्षर भएको मिति देखि लागू भई छ महिनासम्म कायम रहनेछ। उक्त समयावधि भित्र शेयर निष्काशन हुन नसकेमा यस सम्झौताको अवधि अर्को छ महिनाका लागि स्वतः थपिएको मानिनेछ। कथंकदाचित उक्त अवधिभित्र पनि शेयर निष्काशनको कार्य गर्न नसकिएमा सम्वन्धित पक्षहरुको सहमतिमा पुनः नयाँ सम्झौता गर्न सकिनेछ।

५. यस सम्झौताको कार्यान्वयन र व्याख्यामा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिमा विवादको समाधान गरिनेछ। आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा दुवै पक्षले एक/एक जना मध्यस्थकर्ता नियुक्त गर्नेछन् । यसरी नियुक्त मध्यस्थकर्ताको आपसी सहमतिमा मुख्य मध्यस्थकर्ता नियुक्त गरिनेछ र मध्यस्थकर्ताद्वारा गरिएको निर्णय दुबै पक्षलाई मान्य हुनेछ। मध्यस्थता सम्बन्धी लाग्ने खर्च दुबै पक्षले समान रुपमा व्यहोर्ने छन् । मध्यस्थकर्ताको कार्यालय काठमाण्डौंमा रहनेछ। मध्यस्थकर्ताले अपनाउनु पर्ने कार्यविधि तथा विवाद समाधानका अन्य प्रक्रिया मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ।

६. दुबै पक्षहरुको आपसी सहमतिमा यस सम्झौतामा भएका शर्त बन्देजहरु फेरबदल र संशोधन गर्न सकिनेछ। त्यस्तो फेरबदल र संशोधनलाई यस सम्झौताकै अभिन्न अंग मानिनेछ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको कर्पोरेट कार्यालय ट्रेड टावर, थापाथली वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ र नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौमा सर्म्पक राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर अंकित रु.१००/– मा प्रिमियम रकम रु ३००/- थप गरी प्रति शेयर रु.४००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ वा C-ASBA प्रणाली मार्फत दरखास्त दिनु पर्नेछ। आयोजना प्रभावित क्षेत्र वाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्त साथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर अंकित रु.१००/– मा प्रिमियम रकम रु.३३५/- थप गरी प्रति शेयर रु.४३५/- का दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा उद्योग प्रभावित क्षेत्रका आवेदकहरुको हकमा अधिकतम १,००,००० कित्ता तथा अन्य सर्वसाधारण आवेदकहरुको हकमा कम्तीमा १० (दश) कित्ता र अधिकतम १०,००,००० कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

यस कम्पनीको प्रवन्धपत्रमा ब्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका बासिन्दा, नेपाल सरकारको सम्बन्धित  निकायबाट श्रम स्वीकृती प्राप्तगरि विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु, कर्मचारी र सर्वसाधारण) मा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ८० प्रतिशत शेयर संस्थापक शेयरधनी तथा २० प्रतिशत सर्वसाधारणहरु मध्ये ५ प्रतिशत उद्योग प्रभावित क्षेत्रका र बाँकी ९५ प्रतिशत सर्वसाधारणहरु (नेपाल सरकारको सम्बन्धित  निकायबाट श्रम स्वीकृती प्राप्तगरि विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु, कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँट गर्ने व्यवस्था रहेको छ । उद्योग प्रभावित क्षेत्रका बासिन्दा, नेपाल सरकारको सम्बन्धित  निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा बसि रोजगार गरिरहेका नेपालीहरु, कामदार कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आबेदन दिन सक्ने भएको हुंदा पुनःशेयर (बाँकी सर्वसाधारणमा निष्कासन गरिने शेयरमा) खरिदको लागि आबेदन दिन सक्ने छैनन् । उद्योग प्रभावित क्षेत्रका, नेपाल सरकारको सम्बन्धित  निकायबाट श्रम स्वीकृती प्राप्तगरि विदेशमा बसि रोजगार गरिरहेका नेपालीहरु र कर्मचारीले आबेदन दिएमा त्यस्तो आबेदन रद्द हुनेछ ।

**<u>आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः</u>**

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भई आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बँसाईंसराई गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अगावै बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गा.पा/न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकाश समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त ब्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. उद्योग प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

१४. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ।

१९. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ।

२०. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ।

**<u>नेपाल सरकारको सम्बन्धित  निकायबाट श्रम स्वीकृती प्राप्तगरि विदेशमा बसि रोजगार गरिरहेका नेपालीहरुको हकमाः</u>**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा बसी रोजगार गरिरहेका कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

२. आवेदकले सि-आस्वा (C-ASBA) प्रणालीबाट आफ्नो विप्रेशण (रेमिट्यान्स) बचत खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।

३. दफा २ बमोजिम आवेदकले आफ्नो विप्रेशण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तिमा ने.रु. ५०,०००/- (अक्षरेपी पचास हजार मात्र) आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्ने छ।

४. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा (C-ASBA) रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।

५. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।

६. आवेदकले CRN नं. प्राप्त गरे पश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।

७. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्ट्वेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण सँग रुजु हूनु पर्नेछ।

८. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा।

ङ. आवेदकको विप्रशण (रेमिट्यान्स) खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं.।

च. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।

९. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१०. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

११. धितोपत्र बाँडफाँट गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा विप्रेशण (रेमिट्यान्स्) बचत खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१४. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१५. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जाने गरी ७,५४,६६१ (१० प्रतिशतले हुन आउने) कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**<u>सर्वसाधारण शेयरधनीहरुको हकमा :</u>**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा(C-ASBA)प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा (C-ASBA) रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्ट्वेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण सँग रुजु हूनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।

१२. धितोपत्र बाँडफाँट गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।

१४. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा उद्योग प्रभावित क्षेत्रका आवेदकहरुको हकमा अधिकतम १,००,००० कित्ता तथा अन्य सर्वसाधारण आवेदकहरुको हकमा कम्तीमा १० (दश) कित्ता र अधिकतम १०,००,००० कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिनेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण : निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति :** सो नभएको।

**(ख) आधारभूत शेयरधनी :** सो नभएको।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य :** कारोबार नभएको।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको।

**(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन।

**(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विरवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** शेयरधनीहरु संग आ.व. २०७९ असार मसान्त सम्म लिएको व्याज विनाको ऋण विवरण निम्न बमोजिम रहेको छ।

| क्र.स | शेयरधनीको नाम | रकम रु. हजारमा | ऋण लिएको मिति | ऋण भुक्तानी अनुमानित अवधि |
|---|---|---|---|---|
| १. | श्री पुरुषोत्तम लाल संघई। | १,०७,१०३/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| २. | श्री सुभाष चन्द्र संघई। | ६४,३६८/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| ३. | श्री विरेन्द्र कुमार संघई। | १३०,२००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| ४. | श्री रामचन्द्र संघई। | ६४,३६८/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| ५. | श्री गोविन्द लाल संघई। | १३०,२००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| ६. | श्री शैलेश संघई। | ६५,८८२/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |

| | | | | |
|---|---|---|---|---|
| ७. | श्री हर्षवर्धन संघई । | ६५,८८२/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| ८. | श्री आदित्य संघई । | ११,५४८/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| ९. | श्री अदिती चोखानि । | ११,५४८/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १०. | श्री निलम संघई । | २८,६६०/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| ११. | श्री अंजु संघई वंशल । | ४०,०००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १२. | श्री आशिष जिंदल । | १६,५००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १३. | श्री कविता संघई । | २१,०००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १४. | श्री अशोक कुमार अग्रवाल । | १०,०००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १५. | श्री अनुज अग्रवाल । | ४८,५००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १६. | श्री आशिष कुमार अग्रवाल । | ३०,०००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १७. | श्री निकुञ्ज अग्रवाल । | १८,५००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १८. | श्री बिशाल अग्रवाल । | १६,५००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| १९. | श्री बिवेक अग्रवाल । | ४६,५००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| २०. | श्री अर्पित अग्रवाल । | २५,०००/- | आ.व.२०७८/०७९ | आ.व.२०८०/०८१ |
| **जम्मा** | | **९,५२,२५९/-** | | |

**सम्बन्धित पक्षबिच भएको कारोवारको बिवरण :**

| क्र.सं. | कम्पनी | कारोबारको किसिम | बिक्री रकम | खरिद रकम | घर बहाल आम्दानी रकम | कारोबार आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|---|
| १. | श्री मनकामना माईन्स एण्ड मिनरल्स प्रा.लि. | घर बहाल | - | - | ४८,००० | ४८,००० |
| २. | श्री विश्वकर्मा माईन्स एण्ड मिनरल्स प्रा. लि. | चुन ढुङ्गा खरिद र घर बहाल | - | ७,१८,६०,१५३ | ४८,००० | ७,१९,०८,१५३ |
| ३. | श्री विश्वकर्मा सिमेन्ट प्रा. लि. | घर बहाल र क्लिङ्कर विक्री तथा रोयल्टी र मेशिनरी भुक्तानी | ५०,७०,६९० | ४,५७,९८,२५८ | १,२०,००० | ५,०९,८८,९४८ |
| ४. | श्री सगरमाथा रेडी मिक्श कन्क्रेट प्रा. लि. | घर बहाल, कंक्रिट खरिद तथा सिमेन्ट विक्री | ६,५२,४०,२७२ | १,६५,२७,५४५ | ६०,००० | ८,१८,२७,८१७ |
| ५. | श्री सगरमाथा प्रिकास्ट सलुसन प्रा.लि. | घर बहाल, सिमेन्ट व्रिक्स खरिद तथा सिमेन्ट विक्री | ३,११,५०,८३६ | २,१९,११,२६२ | ६०,००० | ५,३१,२२,०९८ |
| ६. | श्री पशुपती सिमेन्ट प्रा.लि. | घर बहाल र क्लिङ्कर विक्री | ३३,२८,३८,९०५ | - | १,२०,००० | ३३,२९,५८,९०५ |
| ७. | श्री कपिलवस्तु सिमेन्ट उद्योग प्रा. लि. | घर बहाल | - | - | ६०,००० | ६०,००० |
| **जम्मा** | | | **४३,४३,००,७०३** | **१५,६०,९७,२१८** | **५,१६,०००** | **५९,०९,१३,९२१** |

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण ः**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु** ः कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापन नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने ः**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या** ःसो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण ः**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण** ः हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण ः**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना ः**

अ) कम्पनीको आ.व.२०७८/७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री वि.के. अग्रवाल एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट ले गर्नुभएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री हिमालयन बैंक लि., ठमेल, काठमाण्डौं । |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी श्री वि.के. अग्रवाल एण्ड कम्पनी चार्टड एकाउण्टेण्ट संस्था ले प्रमाणित गरेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु ः**

सम्झौतामा भएका मुख्य मुख्य बुँदाहरु निम्न रहेका छन् ।

**१) लेखापरीक्षकः**

लेखापरिक्षकलाई आ.व. २०७८/०७९ को लेखापरिक्षण वापत रु.१०,००,०००/- शुल्क बुझाएको छ अन्य कुनै शर्तहरु नरहेको ।

**२) निष्काशन बैंक**

हिमालयन बैंक लिमिटेड निष्काशन बैंकको रुपमा रहेको छ । आयोजना प्रभावित क्षेत्रका आवेदकहरुबाट संकलन केन्द्र मार्फत संकलन भएको एकमुष्ठ रकम निष्काशन बैंकमा जम्मा गरिनेछ र अन्य कुनै शर्तहरु नरहेको ।

**३) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ**

वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु १००,०००/- बुझाएको छ ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/ छैन, तत्सम्बन्धी विवरण :**

घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको उद्योग संचालनका लागि हिमालयन बैक लिमिटेड, नविल बैंक लिमिटेड, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, लक्ष्मी बैंक लिमिटेड, सिर्द्धाथ बैंक लिमिटेड, माछापुच्छ्रे बैक लिमिटेड, कुमारी बैंक लिमिटेड, नेपाल एसविआई बैंक लिमिटेड, ग्लोबल आइएमई बैक लिमिटेड, सन्राईज बैक लिमिटेड, सिटिजन्स इन्टरनेसनल बैक लि., मेगा बैक नेपाल लिमिटेड, , बैंक अफ काठमाण्डौ र स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड मार्फत वित्तीय स्रोतहरुको प्रयोग गरिएको छ। असाढ २०७९ मसान्त सम्मको वित्तीय श्रोतको विवरण देहाय अनुसार रहेको छ।

**(रकम रु हजारमा)**

| क्र.सं. | बैकको नाम | दिर्घकालिन आवधिक कर्जा | अल्पकालिन माग कर्जा | ह्मयर पर्चेज कर्जा | अल्पकालिन आवधिक कर्जा | ओभरडापट कर्जा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | हिमालयन बैक लि. | ११,१७,८६५.०० | १,७०,०००.०० | - | - | ७९,३९१.०० | १३,६७,२५६.०० |
| २. | नविल बैक लि. | १३,०५,०३८.०० | १,००,०००.०० | - | - | ३,०४,०८०.०० | १७,०९,११८.०० |
| ३. | नेपाल ईन्भेस्टमेन्ट बैंक लि. | ५,८९,०४१.०० | १,५०,०००.०० | - | - | ४९,४०५.०० | ७,८८,४४६.०० |
| ४. | लक्ष्मी बैंक लि | ५,७६,९५७.०० | ३,४४,५००.०० | - | - | १०,८२६ .०० | ९,३२,२८३.०० |
| ५. | सिद्धार्थ बैंक लि. | ४,७३,२५४.०० | - | १,२२,२०७.०० | - | - | ५,९५,४६१.०० |
| ६. | माछापुच्छ्रे बैक लि. | ६,१३,१५६.०० | १,२०,३६०.०० | - | - | १,१८,१७५.०० | ८,५१,६९१.०० |
| ७. | कुमारी बैंक लि. | २,२५,९०४.०० | ५,१७,०००.०० | - | - | ९५,९२०.०० | ८,३८,८२४.०० |
| ८. | नेपाल एसबिआई बैंक लि. | ५,२२,९९५.०० | - | - | - | ७४,२५८.०० | ५,९७,२५३.०० |
| ९. | ग्लोबल आइएमई बैक लि. | ३,२७,८७५.०० | ३,३९,०००.०० | - | - | २,८८६.०० | ६,६९,७६१.०० |
| १०. | सन्राईज बैक लि. | ६,६७,६३०.०० | २,२०,०००.०० | - | - | २१,७२९.०० | ९,०९,३५९.०० |
| ११. | बैक अफ काठमाण्डौ लि. | ८,२७,११०.०० | - | - | - | - | ८,२७,११०.०० |
| १२. | सिटिजन्स इन्टरनेसनल बैक लि. | २,४६,८६२.०० | - | - | - | १,०३,५०३.०० | ३,५०,३६५.०० |
| १३. | मेगा बैक नेपाल लि. | ४,३९,६२०.०० | १,५०,०००.०० | - | - | ४९,३९२.०० | ६,३९,०१२.०० |
| १४. | स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि. | - | ७,३४,३४२.०० | - | ४९,६८९.०० | - | ७,८४,०३१.०० |
| | **जम्मा** | | | | | | **१,१८,५९,९७०.००** |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः**

नेपाल विद्युत प्रधिकरणले यस कम्पनीलाई उद्योग संचालनको लागी ने.वि.प्रा.घोराही वितरण केन्द्रबाट विद्युत उपभोग गर्दा डेडिकेटेड फिडर सरहको सुविधा लिएको भनि कम्पनीलाई बिलिङ्ग गरेकोमा कम्पनीले उक्त सुविधा नलिएको तथ्य प्रमाणको आधारमा सम्मानिनय उच्च अदालत तुल्सीपुरमा थप विद्युत महसुल खरेजिको लागी रिट दायर गरेको र उच्च अदालतले प्राधिकरणको बितरण नियमवली, २०७१ अनुसार गठित पुनरावेदन समिति समक्ष पुनराबेदन गर्नु भनि मिति २०६७/०६/२१

मा रिट खारिज गरीदिएकोमा कम्पनीले उच्च अदालत तुल्सीपुरको फैसला बदर गरि थप बिद्युत महसुल (मिति २०७८/०३/१६ सम्म रु.११५.७२ करोड) खारेजिको लागि सम्मानिय सर्वोच्च अदालत समक्ष मिति २०७७/०८/२४ मा लिखित निवेदन चढाएको छ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः** सो नभएको।

**(ग) विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्।

**गुनासो सुन्ने अधिकारीको नामः**

१. राम प्रसाद भट्टराई, इमेल : info@himalayancapital.com, फोन नं.०१-५३५८३४५

२. मनोहर कंडेल, इमेल : info@nabilinvest.com.np,फोन नं.०१-४४११६०४

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशनगरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशनगरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको।

**ग.२०. ऋणपत्र निष्काशनसम्बन्धी विवरण :** हाल कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिने छ।

**ग.२१. अग्राधिकार शेयर निष्काशनसम्बन्धी ब्यवस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

प्रक्षेपित वित्तिय विवरण ठिक छ भनि श्री वि.के. अग्रवाल एण्ड कम्पनी का चार्टड एकाउण्टेन्ट ले प्रमाणित गर्नु भएको छ।

**(ख) गत तिन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए सो को कारणः**

कुनै परिवर्तन नभएको।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कम्पनी सचिवको नाम : देवराज बानियाँ<br>
ठेगाना :त्रिबेणी-२, उदयपुर<br>
योग्यताः बि.बि.एस

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरण :**

कम्पनीको मितिः२०७९/०३/२५ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम जारी पूँजी मध्येबाट उद्योगका स्थानीय वासिन्दा सहितका सर्वसाधारणहरुको लागि प्रिमियम मूल्यमा शेयर सार्वजनिक निष्काशन सहितको ७९,४३,८०१ कित्ता शेयरहरु नेपाल धितोपत्र बोर्डमा दर्ता गराउने। साथै सो कार्यको लागि हिमालयन  क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल,काठमाण्डौं र नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड, नक्साल, काठमाण्डौंलाई धितोपत्र निष्काशनतथा बिक्री प्रबन्धकमा नियुक्त गर्ने निर्णय गरेको छ।

**नोटः** नेपाल धितोपत्र बोर्डबाट मिति २०७९/०७/१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड (छैठौं संशोधन) निर्देशिका, २०७९ को दफा ४ (ख),(१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याइएको।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

प्रचलित आयकर ऐन बमोजिम कर्पोरेट करको दर २५ प्रतिशत लाग्नेमा यो संगठित संस्था विशेष उद्योग अन्तरगतको संस्था भएकोले २० प्रतिशत करको दर लाग्ने र कम विकसित क्षेत्रमा विशेष उद्योग सञ्चालन गर्ने संस्थालाई थप ७० प्रतिशत छुट समेत प्राप्त भए बमोजिम ६ प्रतिशतका दरले मात्र कर लाग्ने व्यवस्था रहेको छ। साथै सो कर सुविधा यस संगठित संस्थालाई आ.व. २०७८/०७९ सम्म लागु हुने र तत्पश्चात कर दर २० प्रतिशतका आधारमा प्रक्षेपित वित्तिय विवरण तयार गरिएको छ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१. हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ, वेभसईडः www.himalayancapital.com
२. नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौ, www.nabilinvest.com.np
३. घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड, ट्रेड टावर थापाथी, काठमाण्डौ, www.ghorahicement.com.np
४. घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड, घोराही उ.प.न.पा, वडा नं. ४, दाङ्ग, www.ghorahicement.com.np

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

संगठित संस्था लिमिटेड भए पश्चात हालसम्म कुनै पनि बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने रु.७९,४३,८०,१००/-(अक्षरेपी उनासी करोड त्रिचालिस लाख असी हजार एक सय रुपैंया) ) रकम बराबरको रु १०० अंकित दरको ७९,४३,८०१ कित्ता शेयर मध्ये मूल्य रु.१०० /- मा प्रिमियम वापत रु.३००/- थप गरी प्रति शेयर रु.४००/-अंकित दरले ३,९७,१९० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रका वासिन्दाका लागि सुरक्षित गरिएको छ। आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधारणका लागि छुट्याईएको ७५,४६,६११ कित्ताको १०% शेयर अर्थात ७,५४,६६१ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि र ५% शेयर अर्थात ३,७७,३३१ कित्ता शेयर सामुहिक लगानी कोषका लागि तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ५ (१) मा भएको व्यवस्था अनुसार संगठित संस्थाले सर्वसाधारणलाई छुट्याईएको शेयर मध्ये बढिमा ५% सम्म संस्थामा कार्यरत करार र ज्यालादारी कर्मचारी वाहेकका कर्मचारीहरुलाई छुट्याउन सक्ने छ भन्ने व्यवस्था अनुसार सर्वसाधारणका लागि छुट्याईएको ७५,४६,६११ कित्ताको ५% शेयर अर्थात ३,७७,३३१ कित्ता शेयर संगठित संस्थाका कर्मचारीहरुलाई छुट्याईएको छ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित अन्य ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरूसमेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रका आवेदकहरुको हकमा (उद्योग प्रभावित क्षेत्र) दाङ्गजिल्लामा कम्तीमा ४ स्थान तथा वढीमा आवश्यकता अनुसार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने ब्यबस्था गरिनेछ तथा आयोजना प्रभावित क्षेत्रका आवेदकहरु बाहेक सर्वसाधारणको लागि छुटाइएको शेयर आवेदनका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त सि-आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्था तथा तिनका शाखाकार्यालयहरु मार्फत संकलन गरिनेछ।

**(ट) क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :**

विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "CARE-NP BBB- (Is) (Tripple B Minus Issuer Rating)" रेटिङ्ग प्राप्त गरेकोछ। "CARE-NP BBB- (Is) (Tripple B Minus Issuer Rating)" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने सुरक्षा क्षमताको मध्यम आधार "Moderate Degree of Safety Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले NP AAA (Is) देखि CARE-NP D

(Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा CARE-NP AAA (Is) ले उच्चतम स्तर जनाउँछ भने CARE-NP D (Is) ले न्यूनतम स्तर जनाउँछ। ईस्युर रेटिङ्ग प्रदान गरेको मिति जुलाई २२,२०२२ रही मिति जुलाई १३,२०२३ सम्मको रहेको छ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यो विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री-प्रवन्धक श्री हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाडौं र नविल इनभेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरू :**

१. संगठित संस्थाले अत्याधुनिक जर्मन प्रविधियुक्त प्लान्ट एण्ड मेशिनरी जडित उद्योगको निर्माण, चुनढुङ्गा संकलनको लागि प्रयाप्त क्षेत्रफल सहितको चुनढुङ्गा राख्न सक्ने क्षमतायुक्त भण्डारण कक्ष, वातावरणीय वायु प्रदुषण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउसको उचित प्रबन्धहरु मिलाएर संगठित संस्थाले आफ्नो उत्पादनहरुमा गुणस्तरको सुनिश्चितता गरेको छ। उद्योगबाट हरेक घण्टामा उत्पादन हुने सिमेन्ट तथा क्लिङ्कर संगठित संस्थाको अत्याधुनिक ल्यावबाट नियमित परिक्षण गरि गुणस्तरको मापन गर्ने गरिएको छ। यसका साथै स्वचालित प्रविधी युक्त X-ray Machinery को माध्यमबाट २४सै घण्टा कच्चा पदार्थ र चुनढुङ्गाको निरिक्षण गरि उच्च गुणस्तरको चुनढुङ्गा र कच्चा पदार्थहरु मात्र प्रयोग हुने सुनिश्चितता गरेको छ। उद्योगबाट उत्पादन हुने सिमेन्टको उच्च प्रविधियुक्त मेशिनरी जडित टेक्निकल ल्यावबाट Compressive Strength नियमित रुपमा मापन गर्ने गरिएको छ। साथै संगठित संस्थाले अनुभवी प्राविधिक जनशक्ति को माध्यम बाट उच्च गुणस्तरको सिमेन्ट तथा क्लिङ्कर उत्पादन गरि रहेको छ।

२. संगठित संस्थाले सिमेन्टका लागि आवश्यक पर्ने मुख्य कच्चा पदार्थ सिमेन्ट ग्रेड चुनढुङ्गा को खोजतलास, अनुसन्धान गरी उत्खनन् गर्न सन्दर्भमा नेपाल सरकार खानी तथा भुगर्भ विभाग समेतबाट नियम बमोजिम अनुमति लिई देशका विभिन्न स्थानहरुमा अनुसन्धात्मक कार्यहरु नियमित रुपमा गर्ने गरेको छ। यसका साथै बजारको माग बमोजिम आवश्यक पर्न सक्ने विभिन्न ग्रेडका सिमेन्टहरु उत्पादन गर्नका निम्ति नियमित रुपमा अध्ययन तथा अनुसन्धान गर्ने गरेको छ। अन्तराष्ट्रिय बजारमा सिमेन्ट तथा क्लिङ्कर मा भई रहेको प्राविधिक विकाश र त्यसले पार्न सक्ने सकारात्मक तथा नकरात्मक पक्षहरुको अध्ययन र विश्लेशण नियमित रुपमा गर्ने गरेको छ।

३. यसका अलावा संगठित संस्थाले उद्योग विभागबाट विभिन्न मितिमा, पेटेण्ट, डिजाईन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ बमोजिम घोराही (GHORAHI), सगरमाथा (SAGARMATHA), सगरमाथा गोल्ड (SAGARMATHA GOLD), GORKHA PREMIUM, GORKHA GOLD, GORKHA TOUGH, GORKHA PREMIUM GOLD, नामक ट्रेडमार्क प्रयोग अनुमति सम्झौताको स्वीकृती लिएको छ। साथै संगठित संस्थाले नेपाल गुणस्तर तथा नापतौल विभागबाट मिति २०७९ असार २३ गते सगरमाथा OPC ५३ Grade , मिति २०७८ साल श्रावण ५ गते सगरमाथा गोल्ड PPC र सगरमाथा OPC मा नेपाल गुणस्तर चिन्ह प्रियोग गर्न इजाजत प्राप्त गरेको छ। साथै संगठित संस्थाले International Certifications हरु (ISO:45001:2018 for Health & Safety Management System, ISO:9001:2015 for Quality Management System, ISO:14001:2015 for Environment Management System) समेत प्राप्त गरेको छ। यसरी प्राप्त विभिन्न ट्रेडमार्क चिन्ह, गुणस्तर चिन्ह, International Certification हरुमा कम्पनीको औधोगिक तथा बौधिक सम्पतीहरुको हक कम्पनीमा सुरक्षित रहेको छ। त्यसैगरि उत्पादित बस्तुको गुणस्तर निर्धारण गर्ने भारतको सरकारी निकाय Bureau of Indian Standard बाट कम्पनीले उत्पादित सिमेन्टलाई गुणस्तरको सर्टिफिकेट प्राप्त गर्ने कार्य प्रक्रियामा रहेको र तत्पश्चात् कम्पनीबाट उत्पादित सिमेन्ट भारतिय वजारमा निर्यात गर्न सकिने छ।

संगठित संस्थाले आफुले उत्पादन गरेका बस्तुहरुको गुणस्तर बृद्धि तथा बजार विस्तार हेतु गरेका महत्वपुर्ण कार्यहरुलाई सकरात्मक पक्षका रुपमा लिन सकिन्छ।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**

**(१) आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको:** कम्पनीले आफ्नो उद्देश्य अनुसार पब्लिक लिमिटेडको हैसियतले मिति २०७७/११/२३ गते देखि कारोबार संचालन गर्दै आइरहेको र मिति २०७८/११/२२ गते एक बर्षको अवधि पूरा गरिसकेको छ।

**२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :** यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०७८/१०/२५ मा सम्पन्न वार्षिक साधारणबाट आ.व.२०७८/७९ को लागि चार्टर्ड एकाउण्टेण्ट संस्था श्री वि.के. अग्रवाल एण्ड कम्पनीलाई लेखापरिक्षक नियुक्त गरिएको। श्री वि.के. अग्रवाल एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट संस्था बाट आ.व.२०७८/७९ को लेखापरिक्षण सम्पन्न भईसकेको।

**(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको:** स्विकृती लिई सिमेन्ट तथा क्लिङ्कर उत्पादन शुरु भईसकेको।

(४) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :** सो भईसकेको ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको :** यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गरी सञ्चालनमा रहेको ।

(६) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भईसकेको :** फाईनान्सियल क्लोजर भईसकेको ।

(७) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :** लागु नहुने ।

(८) **परियोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** लागु नहुने ।

(९) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भईसकेको :** संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु ३,१७,७५,२०,५००/- (अक्षरेपी तिन अर्व सत्र करोड पचहत्तर लाख बिस हजार पाँच सय रुपैंया मात्र) शत प्रतिशत चुक्ता भईसकेको र सो को अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत भईसकेको।

(१०) **सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :** यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिए बमोजिम श्री नागरिक लगानी कोष, नयाँ वानेश्वरसँग सम्झौता गरी प्रत्याभुति गराएको ।

**(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत उद्योग प्रभावित क्षेत्र दाङ्ग तथा रोल्पा जिल्लाका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मिति बाट कम्तीमा १५ दिन र वढीमा ३० दिन खुल्ला रहनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँट भए पश्चात मात्र सर्वसाधारणका लागि शेयर निष्काशन खुल्लाको लागि आह्वानपत्र प्रकाशित गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र वढीमा १५ कार्य दिन हुनेछ ।

**(थ) धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (Informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेडको वेभसाइट www.himalayancapital.com र नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको वेभसाइट www.nabilinvest.com.np तथा निष्काशनकर्ता घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको वेभसाइट www.Ghorahicement.com.np मा बिक्री बन्द नभएसम्म राखिनेछ ।**

**(द) बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री पुरुषोत्तम लाल संघई | अध्यक्ष | |
| २. | श्री गोविन्द लाल संघई | संचालक | |
| ३. | श्री आदित्य संघई | संचालक | |
| ४. | श्री हर्ष बर्धन संघई | संचालक | |
| ५. | श्री त्रिलोक चन्द्र अग्रवाल | संचालक | |

ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**Himalayan Capital**

A wholly owned subsidiary of Himalayan Bank Limited

निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)

मिति : २०७९/०६/११
श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ नगरपालिका वार्ड नं.२८, त्रिवेणि कम्प्लेक्स पुतलीसडक, तथा कर्पोरेट कार्यालय, ट्रेड टावर, थापाथली, काठमाण्डौ ठेगाना भएको श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले आफ्नो जारी पूँजी रु.३,९७,१९,००,६००/-(अक्षरेपी तिन अर्ब सन्तानब्बे करोड उन्नाइस लाख छ सय रुपैंया मात्र) को २०% अर्थात रु.७९,४३,८०,१००/- (अक्षरेपी उनासी करोड त्रिचालिस लाख असी हजार एक सय रुपैंया) मध्ये रु.१००/- मा प्रिमियम रकम रु.३००/- थप गरी प्रतिशेयर रु.४००/- अंकित दरको ३,९७,१९० कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्र दाङ जिल्लाको घोराही उपमाहनगरपालिका वडा.नं.१, २, ३, ४, १४, १५, १७, १८ र १९ साथै बंगलाचुली गा.पा. ३ र ४, रोल्पा जिल्ला त्रिवेणि गा.पा वडा नं. ३ र ४ बासिन्दाहरुको निमित्त छुट्टाइएको र बाँकी रकम रु.७५,४६,६१,१०० (अक्षरेपी पचहत्तर करोड छयालिस लाख एकसट्ठी हजार एक सय मात्र) बराबरको रु.१००/- मा प्रिमियम रकम रु.३३५/- थप गरी प्रतिशेयर रु.४३५/- अंकित दरका ७५,४६,६११ कित्ता साधरण शेयर सर्वसाधारणहरुका लागि (सामुहिक लगानी कोष र कर्मचारीहरु समेत गरि) निष्काशन गर्नेको लागि धतोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा उल्लेख गरिएका सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

हिमालयन क्यापिटल लिमिटेडको तर्फबाट
नाम : परमेश्वर पन्त
पद : प्रमुख कार्यकारी अधिकृत
सही :
कार्यालयको छाप :

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

PO Box 4518, Tridevi Marga, Thamel
Kathmandu, Nepal
+977 01-5358345, 01-5363147 info@himalayancapital.com www.himalayancapital.com

Merchant Banker Institution approved by Securities Board of Nepal

NABIL INVEST
(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza,Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

**निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)**

मिति : २०७९/०६/११
श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

**महोदय,**

रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ नगरपालिका वार्ड नं.२८, त्रिवेणि कम्प्लेक्स पुतलीसडक, तथा कर्पोरेट कार्यालय, ट्रेड टावर, थापाथली, काठमाण्डौ ठेगाना भएको श्री घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडले आफ्नो जारी पूँजी रु.३,९७,१९,००,६००/-(अक्षरेपी तिन अर्ब सन्तानब्बे करोड उन्नाइस लाख छ सय रुपैयां मात्र) को २०% अर्थात रु.७९,४३,८०,१००/- (अक्षरेपी उनासी करोड त्रिचालिस लाख असी हजार एक सय रुपैयां) मध्ये रु १००/- मा प्रिमियम रकम रु.३००/- थप गरी प्रतिशेयर रु.४००/- अंकित दरको ३,९७,१९० कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्र दाङ जिल्लाको घोराही उपमाहनगरपालिका वडा.नं.१, २, ३, ४, १४, १५, १७, १८ र १९ साथै बंगलाचुली गा.पा. ३ र ४, रोल्पा जिल्ला त्रिवेणि गा.पा वडा नं. ३ र ४ बासिन्दाहरुको निमित्त छुट्याइएको र बाँकी रकम रु.७५,४६,६१,१०० (अक्षरेपी पचहत्तर करोड छयालिस लाख एकसठ्ठी हजार एक सय मात्र) बराबरको रु.१००/- मा प्रिमियम रकम रु.३३५/- थप गरी प्रतिशेयर रु.४३५/- अंकित दरका ७५,४६,६११ कित्ता साधरण शेयर सर्वसाधारणहरुका लागि (सामुहिक लगानी कोष र कर्मचारीहरु समेत गरि) निष्काशन गर्नेको लागि धतोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरूलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा उल्लेख गरिएका सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट
नाम : मनिश नारायण जोशी
पद: प्रमुख कार्यकारी अधिकृत

सही : ..................

कार्यालयको छाप :

NABIL INVEST
NAXAL
KATHMANDU

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र ः


**B.K. AGRAWAL & CO.**
CHARTERED ACCOUNTANTS
MEMBER CROWE GLOBAL

Saraswati Vatika
122 Pannahiti Marg,
Sifal - Ward No. 7
P.O. Box 3761, Kathmandu, Nepal.
T: +977-1-4581865, 4567694, 4567568
E: bkag@crowe.com.np
W: www.crowe.com/np


## REPORT ON PROJECTED FINANCIAL STATEMENTS
## OF
## GHORAHI CEMENT INDUSTRY LIMITED

We have examined the Projected Financial Statements of Ghorahi Cement Industry Limited (Formerly known as Ghorahi Cement Industry Private Limited), for the Financial Years from 2078/79 to 2081/82, in accordance with applicable Standards on Auditing applicable to the examination of prospective financial information. Management is responsible for preparation of the Projected Financial Statements including the assumptions on which it is based.

This projection has been prepared for the purpose of issuance of Shares to Locals and General Public and the projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination of the evidence supporting the assumptions; nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and do not constitute either an audit or a review made in accordance with Nepal Standards on Auditing or relevant practices.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are likely to be different from the projection since anticipated events frequently do not occur as expected and the variations may be material.

Place: Kathmandu
Date: 27th September, 2022

**B.K. Agrawal, FCA**
*Managing Partner*
For: **B.K. Agrawal & Co.**
Chartered Accountants
UDIN: 220928CA00018yrYFD

B.K. AGRAWAL & CO. Kathmandu Chartered Accountants


B.K. Agrawal & Co. is a member of Crowe Global, a Swiss verein. Each member firm of Crowe Global is a separate and independent legal entity. B.K. Agrawal & Co. and its affiliates are not responsible or liable for any acts or omissions of Crowe Global or any other member of Crowe Global. Crowe Global does not have an ownership or partnership interest in B.K. Agrawal & Co.

**G.P.Rajbahak & Co.**
**Chartered Accountants**

The Board of Directors
Ghorahi Cement Industry Ltd.
Kathmandu, Nepal

*Subject:* ***Review of Projected Financial Statement and Share Valuation***

Dear Sir,

As per the aforesaid subject and as per your request, we have reviewed the accompanying projected financial statement of **Ghorahi Cement Industry Ltd**. for the financial years beginning from 2079-80 to 2086-87 and Valuation Methodology in accordance with Nepal standard on Assurance Engagement 3400, "The Examination of Prospective Financial Information" issued by the Institute of Chartered Accountants of Nepal. The Preparation of the Projection Including the assumptions set out in Projected Financial Statement, is the responsibility of the Management.

This projection has been prepared as one of the pre-requisites of security Board of Nepal (SEBON) for approval to issue initial public offering (IPO) of shares of the Company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purpose other than that described above.

Based on our review of the underlying assumptions, nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion, the projection is properly prepared based on the assumptions to the Projected Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Valuation methodology adopted by the management for the determination of premium amount for IPO is in accordance with the Securities Issuance and Allotment Guidelines, 2074.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projections since other anticipated events frequently do not occur as expected and the variation may be material.

We have not performed an audit for the same & accordingly, we do not express an audit opinion on it. Because of its special nature, our review report may not be used for any other purpose other than to assist the management in matters related to Public Offering of its Share and is limited for the same only. We have no responsibility to update this report for the events and circumstances occurring after the date of this report.

G.P. Rajbahak & Co. Chartered Accountants

CA. Ashesh Rajbahak
Partner
G.P Rajbahak & Co.,
Chartered Accountants
UDIN: 220928CA00278F6HXh

Date: 28 September 2022